का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १८
❒ ४ फागुन २०७६, आइतबार
❒ 16 February 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

१४ दिनसम्म क्वारेन्टाइनमै

कोरोनाभाइरसको प्रकोप फैलिएको चीनको हुबेइ प्रान्तको वुहानबाट ल्याइएको नेपाली विद्यार्थी, चालक दल र ६ जना क्र्यूलाई १४ दिनसम्म भक्तपुरको खरिपाटीस्थित क्वारेन्टाइनमै राखिनेछ । त्यसका लागि सवै खाले व्यवस्थापन भएको सरकारले जनाएको छ ।

मध्यान्ह संवाददाता
काठमाडौं, ३ फागुन

चीनको हुबेईमा रहेका १८२ जना नेपालीलाई लिन नेपाल एअरलाइन्सको जहाज त्यहाँ पुगेको छ । जहाज शनिवार राति ९ बजे वुहानमा अवतरण गरेको हो । विद्यार्थीहरूलाई लिएर आइतबार बिहान ११ बजे त्यहाँबाट उड्ने र २ बजेर १५ मिनेटमा जहाज काठमाडौंमा अवतरण गर्ने तालिका रहेको नेपाल वायुसेवा निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिइन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विद्यार्थीहरू, तीन जना पाइलट र ६ जना क्रु मेम्बरलाई सोझै क्वारेन्टाइनमा राखिनेछ । उनीहरूलाई १४ दिन भक्तपुरस्थित नेपाल विद्युत प्राधिकरणको तालिमा केन्द्रमा राखिने छ। हुबेईका ६ वटा शहरमा रहेका विद्यार्थीलाई विभिन्न पाँच वटा बसबाट वुहानस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा ल्याइर्पुयाइएको छ । उनीहरुलाई नेपाल फर्काउनुअघि विमानस्थलमा सबैको स्वास्थ्य परीक्षण गरिनेछ । परीक्षणमा संक्रमित देखिए चीनमै राखेर उपचार गरिनेछ । संक्रमित देखिएमा नेपाली विद्यार्थीको चीनमै उपचार पछि मात्र नेपाल ल्याइइने सरकारले जनाएको छ ।

चीनबाट उद्धार गरि राख्नका लागि तालिम केन्द्रमा क्वारेन्टाइन निर्माणदेखि सम्पूर्ण तयारी पूरा भएको छ । भवन बाहेक सम्पूर्ण नयाँ संरचनाको व्यवस्था गरी तयारी पूरा गरेको शहरी विकास मन्त्रालयअन्तर्गत सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यान्वयन काठमाडौंका सहसचिव कुमार घिमिरेले जानकारी दिए ।

क्वारेन्टाइनमा अन्तरराष्ट्रिय मापदण्ड पूरा गर्दै आइशोलेसन वार्डमा हुने जतिकै सुविधासहितको व्यवस्था गर्दै भवनमा रङ्गरोगन, बगैंचा निर्माण, भौतिक संरचना एवम् विद्युतीयदेखि स्यानेटेरीसम्मको मर्मत सम्भार, सुत्ने ठाउँदेखि दैनिक उपयोग सम्पूर्ण नयाँ सामानको व्यवस्थापन गरिएको छ । नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीको संयुक्त टोलीले सुरक्षादेखि सरसफाइसम्मका पूर्वाधार व्यवस्थापनमा सघाउ पुर्‍याउँदै छ दिनभित्र सम्पूर्ण तयारी पूरा गरेको उनले

बाँकी पृष्ठ २ मा


दुई वर्षमा यतिको प्रगति नदेख्ने ?
TV
सानराज

प्रधानमन्त्रीको दावी

इम्प्रेसनमै सफल

"यो वर्ष हामीले आधार खडा गरेका छौं । आउँदा वर्षहरू उपलब्धिका बर्षहरू हुनेछन् । पाँच बर्षको कार्यकाल पूरा गरेर अर्को आम निर्वाचनमा जाँदा तपाईं हामीले देख्ने सपना अर्कै हुनेछ ।"

मध्यान्ह संवाददाता
काठमाडौं, ३ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले दुई वर्षे अवधिमा गरेको कार्य प्रगती विवरण संसदमा पेश गरेका छन् । शनिबार संसदलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अंकमा मात्रै नभएर अनुभूतिमा पनि सरकार रहेको बताए । प्रधानमन्त्रीले भने, "यस्ता तर्क सुन्दा बेला बेलामा म, विस्मित हुने गर्छु । भनौं कि जस्तो पनि लाग्छ- ठीकै छ । 'अंकमा होइन, अनुभूति नै सही- इण्डेक्स होइन, इम्प्रेसन' सफल भएको छ ।"

प्रधानमन्त्री ओलीले आधार वर्ष तयार हुने बताएका थिए । यसपटक भने आधार वर्ष पूरा भएकाले उपलब्धीको वर्ष शुरु हुने बताएका छन् । "यो वर्ष हामीले आधार खडा गरेका छौं । आउँदा वर्षहरु उपलब्धिका बर्षहरु हुनेछन् । पाँच बर्षको कार्यकाल पूरा गरेर अर्को आम निर्वाचनमा जाँदा घोषणापत्रमार्फत हामीले व्यक्त गरेका प्रतिवद्धता पूरा गर्‍यौं है भन्नेछौं । त्यतिबेला तपाई हामीले देख्ने सपना अर्कै हुनेछ", प्रधानमन्त्रीले भने ।

उनले भने, "यसो भनिरहँदा म, अल्पअवधिको सरकार र पूरा अवधिको सरकारले गर्ने कामका तरिकाको बारेमा देशबासीलाई जानकारी गराउँदै थिएँ । आफ्नै आयु र भविष्यको टुङ्गो नभएको कमजोर जगमा उभिएको सरकारले गर्ने काम र बलियो जगमा पूरा अवधिको जनादेशसहित गठन भएको सरकारले गर्ने कामका तौरतरिकाको भिन्नताका बारेमा जानकारी गराउँदै थिएँ ।"

गत वर्ष २५ वटा नयाँ कानून निर्माण भएको र प्रमाणिकरण हुन बाँकी ५ वटासहित यस अवधिमा जम्मा ५५ वटा नयाँ कानूनहरु निर्माण भएको प्रधानमन्त्रीले बताए। संविधान अनुकूल बनाउन विद्यमान ऐनहरु मध्ये २०१ वटा ऐन संशोधन गरिएको र १३ वटा ऐनहरु खारेज गरिएको बताए ।

नेपाल अहिले उच्च आर्थिक बृद्धिदर हासिल गरिरेहका विश्वका १० प्रमुख मुलुकहरुको पंक्तिमा समावेश भएको जानकारी प्रधानमन्त्री ओलीले संसदलाई दिए । "गणतन्त्र स्थापना पछिको एक दशकसम्म आर्थिक बृद्धि दर ४ प्रतिशत मात्र थियो । कुनै बर्ष त हाम्रो आर्थिक बृद्धिदर ०.७४ प्रतिशत मात्रै पनि थियो । अहिले ३ वर्षयता लगातार ६.५ प्रतिशतभन्दा माथिको आर्थिक बृद्धि रहेको छ", प्रधानमन्त्रीले भने, "गत वर्ष ७.१ प्रतिशतको आर्थिक बृद्धि थियो । विगत ३ बर्षदेखि कुनैपनि प्रदेशमा आर्थिक बृद्धिदर ६ प्रतिशतभन्दा न्यून छैन । यो २ वर्षमा प्रतिव्यक्ति कूल राष्ट्रिय आम्दानी १८ प्रतिशत भन्दा माथि बढेको छ ।"

विगत २० बर्षमा नेपालको औसत आर्थिक बृद्धिदर ४ प्रतिशतको हाराहारीमा आर्थिक बृद्धिदरमा आएको

बाँकी पृष्ठ २ मा

मछिन्द्रले रच्यो इतिहास

मध्यान्ह संवाददाता
काठमाडौं, ३ फागुन

शीर्ष स्थानमा रहेको त्रिभुवन आर्मीलाई पराजित सान मिगेल मछिन्द्र यो सिजनको शहीद स्मारक ए डिभिजन लिगको च्याम्पियन बनेको छ । त्रिभुवन आर्मी विरुद्ध एक-शून्यको जित निकाल्दै उपाधि मछिन्द्रले उपाधि जितेको हो। खेलको ३३औं मिनेटमा रञ्जित धिमालको गोल निर्णायक हुँदा मछिन्द्रले नयाँ इतिहास रचेको हो।

बराबर मात्रै खेले पनि जित्ने उपाधि शीर्ष स्थानको आर्मीले गुमायो । लिगको अन्तिम खेल अगाडि आर्मी मछिन्द्र भन्दा एक अंकले बढी थियो । आर्मीले १२ खेलबाट २९ अंक जोडेको थियो भने मछिन्द्र २८ थियो। तर, बिमल घर्तिमगर खेलेका मछिन्द्रले बलियो आर्मीलाई रोक्न उपाधि कब्जा जमाउन सफल भयो ।

३५औं मिनेटमा आर्मीका गोलकिपर विकेश कुथु घाइते हुँदा उनको ठाउँमा विश्वास चौधरी मैदान छिरेका थिए ।

बाँकी पृष्ठ २ मा

सीसी क्यामेराको अभाव

राजधानी सुरक्षित राख्न १७ हजार क्यामेरा आवश्यक

काठमाडौं/मस- गत साउन २६ गते न्यूरोड क्षेत्रमा सपिङ गरिरहेकी बाग्मती प्रदेशकी प्रदेश सांसद भावना सुवेदीको पर्स हातबाटै लुटियो । हातमा बोकेर हिडिरहेकी सुवेदीको पर्स एक जनाले खोसेर भागेका थिए। आपलु लुटिएको भन्दै उनले प्रहरीमा उजुरी दिइन् । प्रहरीले उनको पर्स चोरेको आरोपमा मैतीदेवी बस्दै आएका १९ वर्षीय निश्चल थिङ पक्राउ परे । प्रहरीले न्यूरोड क्षेत्रमा राखिएका सीसी क्यामेराको सहयोगमा उनलाई पक्राउ गर्न सफल भएको थियो ।

केही महिना अगाडि बसन्तपुर बस्दै आएकी २५ वर्षीया कञ्चन शर्माले एक बालिका रुदै गरेको देखिन् । न्यूरोड क्षेत्रको पिपूल्स प्लाजा रोडमा एक्लै रोइरहेकी ति बालिकालाई उनको आमा बुबाबारे सोधिन्। तर केही बोल्न नमानेपछि कञ्चनले महानगरीय प्रहरी वृत्त जनसेवा पुर्‍याइन् । सबै कुराको जानकारी प्रहरीलाई जानकारी गराएपनि उनको भनाइमा विश्वास लागेन । र प्रहरीले त्यो क्षेत्रको सीसी क्यामेरा हेर्‍यो। जसमा उनले भनेको कुरा सहि देखियो ।

गत असारमा डल्लुमा एक व्यक्तिको शव सडक किनारमा फेला पर्‍यो । प्रहरीले अनुसन्धान गर्ने क्रममा त्यो क्षेत्रमा राखिएको सीसी क्यामेराको अध्ययन गर्‍यो । घटनाको एक हप्तापछि प्रहरीले उनको हत्या गर्ने व्यक्तिको पहिचान गर्न सफल भयो ।

बाँकी पृष्ठ २ मा

प्रधानमन्त्री रोजगार कार्यक्रम–

उद्देश्य महत्वकांक्षी, प्रगति सुस्त

'बाध्यताको वैदेशिक रोजगारी' हटाउन सरकारले ल्याएको महत्वकांक्षी प्रधानमन्त्री रोजगार कार्यक्रम अपेक्षित उपलब्धि हासिल गर्न नसकेर मुर्झाएको छ ।

मध्यान्ह संवाददाता
काठमाडौं, ३ फागुन

वैदेशिक रोजगार विशेष

विकास निर्माणका कार्यमा युवाको सहभागिता गराउने र रोजगारीसमेत दिने उद्देश्यका साथ प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु गरिएको छ । कार्यक्रमको लक्ष्य छ- ५ वर्षभित्र बाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने । लक्ष्य महत्वकांक्षी भए पनि चालु आर्थिक वर्षको सात महिनामा ठोस प्रगति हासिल हुन सकेको छैन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार, हाल देशभर १३ लाख ३३ हजार ५ सय ४० जना वेरोजगार छन्। यो संख्या मुलुकभर रहेका ७ सय ५३ स्थानीय तहमध्ये ६ सय २३ तहको हो । १ सय ३० स्थानीय तहबाट बेरोजगारहरूको संख्या मन्त्रालयमा आइसकेको छैन। कुल बेरोजगारको संख्या र विवरण बुझाउने स्थानीय तहको अनुपात मिलाउने हो भने प्रत्येक स्थानीय तहमा २ हजार २ सयको हाराहारीमा बेरोजगार रहेका छन्। तथ्यांक आउन बाँकी १ सय ३० स्थानीय तहको संख्या जोड्ने हो भने थप २ लाख ८० हजार बेरोजगार छन् । त्यसले नेपालमा रहेको कुल बेरोजगारको संख्या १६ लाख बढी रहेको देखाउँछ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अनुसार, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि ६ सय २३ पालिकालाई २ अर्ब रुपैयाँ अनुदान पठाइएको छ । त्यसमा स्थानीय रोजगार संयोजकको तलब भत्ता पनि रहेको छ। रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरूको पहिचान, सूचीकरण गर्ने र सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको छ ।

यसरी न्यूनतम रोजगारी प्रदान गर्न नसके नेपाल सरकारले हरेक बेरोजगार परिवारलाई एक जना श्रमिकले एक सय दिन काम गर्दा प्राप्त गर्ने न्यूनतम पारिश्रमिकको ५० प्रतिशत रकम निर्वाह भत्ता दिनुपर्ने व्यवस्था छ। हाल नेपाल सरकारले तोकेको न्यूनतम ज्याला प्रतिदिन ५ सय १७ रुपैयाँ हो । सरकारले कार्यक्रमभित्र प्रवेश गर्ने बेरोजगार व्यक्तिलाई न्यूनतम ५१ हजार ७ सय रुपैयाँ दिनु पर्छ। २ अर्ब रुपैयाँलाई ५१ हजार ७ सय जनालाई भाग लगाउँदा ३८ हजार ६ सय ८४ जनाको हातमा मात्र प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम पुग्ने छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्षमा ४ अर्ब ८२ करोड ३२ लाख रुपैयाँ बजेट बिनियोजन गरिएको थियो। त्यसमध्ये विश्व बैंक ऋण सहयोगमा २ अर्ब ६२ करोड प्राप्त हुने व्यवस्था गरिएको थियो । चालु आर्थिक वर्षको ७ महिना बितिसक्दा पनि उक्त ऋण रकम आउन सकेको छैन । ऋण लिएर बेरोजगारलाई

बाँकी पृष्ठ २ मा

तु-आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Documentation -2 Male/Female
Reception-1 Female
तलब आकर्षक

सम्बन्धित कामामा २ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग आएको हुनुपर्नेछ ।

All-Solution Employment Service Pvt. Ltd.
Basubdhara-3, Kathmandu, Tel.- 4358138, 4366038, 9801012044
E-mail : info@allsolution.com.np, allsolution@gmail.com

रोजगारीका लागि गरिने विज्ञापन वैदेशिक रोजगार विभागबाट स्वीकृति प्राप्त गरेका विज्ञापनलाई मात्र विश्वास गरौं र ठगीनबाट जोगिऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रदेश ५ ले मनायो स्थापना दिवस

बुटवल/मस- प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखरेलले संघीयताको व्यवहारिक कार्यान्वयन गर्न सवैको सार्थक पहल आवश्यक रहेको बताए । प्रदेश ५ को स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री पोखरेलले प्रदेश सरकारले ४८ वटा कानुनहरू निर्माण गरेको, पुर्वाधार विकासलाई जोड दिएको बताए । उनले आवधिक योजना बनाएको बताउँदै कृषिमा राम्रो सम्भावना रहेको क्षेत्रको विकासमा जोड दिएको बताए ।

प्रदेशको प्रतिबद्धता: "समृद्ध प्रदेश, खुसी जनता"
प्रदेश नं. ५ को तेस्रो स्थापना दिवस
तथा
बुटवल उप-महानगरपालिकाको ६१ औं स्थापना दिवसको उपलक्ष्यमा आयोजित
स्थापना दिवस मूल समारोह
बुटवल
visit nepal 2020

सरकार गठन भएको दिनलाई आधार मानी फागुन ३ लाई सरकारले प्रदेश स्थापना दिवस मनाएको हो । सोही अवसरमा शनिबार बिहान बुटवलमा प्रभातफेरी आयोजना गरियो भने दिउँसो आयोजित विशेष समारोहमा ३५ जनालाई पदक प्रदान गरियो । पदक प्रदेश प्रमुख धर्मनाथ यादव र मुख्यमन्त्री शंकर पोखरले प्रदान गरेका थिए ।

प्रदेश सरकारले लुम्बिनीको विकासमा योगदान पुऱ्याएको भन्दै जापानी भिक्षु नावातामेलाई बुद्ध शान्तिपदक (मरणोपरान्त) दिएको छ । त्यसैगरी प्रदेश प्रमुख जनसेवा प्रथम पदक साहित्यकार मोदनाथ प्रश्रित, पत्रकार एवं साहित्यकार कृष्ण सेन इच्छुक (मरणोपरान्त) र प्रदेश योजना आयोगका पूर्वउपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठलाई प्रदान गरिएको छ ।

त्यसैगरी संघीयता र गणतन्त्र प्राप्तिको आन्दोलनमा उल्लखनीय योगदान गरेको भन्दै रुकुम पूर्वका सूर्य प्रकाश पुन र परम्परा गौतमलाई मरणोपरान्त प्रदेश प्रमुख जनसेवा पदक तृतीय पदक दिइएको छ । यसैगरी, संघीयता र गणतन्त्र प्राप्तिको आन्दोलनमा योगदान गरेको भन्दै दाङका भगौता थारुलाई पनि प्रदेश प्रमुख जनसेवा पदक तृतीय प्रदान गरिएको छ ।

प्रदेशको विकासमा योगदान गरेको भन्दै दाङका स्वर्गीय प्रदेशसभा सदस्य उत्तरकुमार ओलीलाई मुख्यमन्त्री प्रज्जवलद्वीप पदक प्रथम दिइएको छ । उनकी श्रीमती प्रदेश सभा सदस्य विमलाले पदक लिएकी छन् । प्रदेशको प्रमुख सचिवको रुपमा काम गरेका डा. तीर्थ ढकाललाई प्रदेश सेवा समर्पण प्रथम र प्रदेशसभा सचिवको रुपमा काम गरेका सुरेन्द्र अर्याललाई प्रदेश सेवा समर्पण पदक द्वितीय दिइएको छ ।

समाजसेवा श्री द्वितीय गुल्मीका शमशेरबहादुर खत्री (मरोणाप्रान्त) लाई दिइएको छ भने संस्कृत शिक्षा विकासको क्षेत्रमा योगदान गरेकी दाङकी हिमा उपाध्यायलाई (मरणोपरान्त) र प्रजातान्त्रिक आन्दोलनमा योगदान गरेका बाँकेका अशोककुमार क्षेत्रीलाई पनि सो पदक दिइएको छ ।

त्यसैगरी, 'समाजसेवाश्री पदक तेश्रो' दुर्गम क्षेत्रमा रहेर स्वास्थ्य सेवामा योगदान गरेका डा. लेखराज सुवेदी, समाजसेवाको क्षेत्रमा योगदान गरेका पाल्पाका घण्टप्रसाद अर्याल, स्वास्थ्य क्षेत्रमा योगदान गरेका गौतमबुद्ध मुटु अस्पताल बुटवलका अध्यक्ष एजाज आलमले पाएका छन् ।

थारु भाषा साहित्यको क्षेत्रमा उत्कृष्ट योगदान गरेवापत दाङका महेश चौधरीलाई प्रदेश रत्न प्रथम, शिक्षा र सामाजिक क्षेत्रमा योगदान गरेका गुल्मीका परमानन्द भण्डारीलाई प्रदेश रत्न द्वितीय (मरणोपरान्त), कृषि क्षेत्रमा विशिष्ट योगदान गरेका रुपन्देहीका सिपी शर्मा र शशीधर पौडेललाई प्रदेश रत्न द्वितीय पदक प्रदान गरिएको छ ।

त्यसैगरी प्रदेश रत्न तृतीय पदक पाउनेमा भाषा साहित्यबाट कपिलवस्तुका डा. विष्णुराज आत्रेय, चित्रकला र मूर्तिकला क्षेत्रबाट रुपन्देहीका नर्वु लामा, शिक्षा क्षेत्रबाट अर्घाखाँचीका बुद्धिबहादुर रायमाझी, अल्लो उद्यम व्यवसायमा उल्लेखनीय योगदान गरेकी चित्रकली बुढा, खेलकुद क्षेत्रमा योगदान गरेका गुल्मीका सोमपाल कामी रहेका छन् ।

यसैगरी, पुथाश्री शिखर द्वितीय पदक पर्यटन क्षेत्रमा योगदान गरेका बाँकेका कृष्णलाल चौधरीले पाएका छन् । प्रदेश प्रज्ञा द्वितीयबाट लुम्बिनी वाणिज्य क्याम्पस र प्रदेश प्रज्ञा तृतीयबाट रेसुङ्गा माध्यमिक विद्यालयलाई विभुषित गरिएको छ । प्रजापति गौतमी तृतीयबाट दाङकी पिमकुमारी गिरी र रोल्पाकी भागिरथी घर्तीलाई प्रदान गरिएको छ ।

दङ्गीशरण बलिहाङ प्रथम थारु भाषा साहित्यमा योगदान गरेका सगुनलाल चौधरी (बेपत्ता), दङ्गीशरण बलिहाङ द्वितीयबाट मगर भाषा साहित्यमा योगदान गरेका जितबहादुर थापा मगर (मरणोपरान्त)लाई दिइएको छ ।

त्यसैगरी दङ्गीशरण बलिहाङ तृतीय थारु भाषा प्रवर्द्धनमा योगदान गरेका बर्दियाका एकराज चौधरी, उर्दु भाषाको क्षेत्रमा योगदान गरेका बाँकेका अब्दुल लतिफ सौफ र अवधि भाषा साहित्यमा योगदान गरेका नवलपरासीका कौशलेन्द्र श्रीवास्तवलाई प्रदान गरिएको छ । यस्तै विभिन्न खेलाडीलाई पनि सम्मानित गरिएको छ ।

प्रदेश सरकार संघीयता बचाउन सफल : मुख्यमन्त्री राउत

जनकपुर/मस- प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकार संघीयतालाई बचाउन सफल भएको बताएका छन् । सरकारको दुई वर्षको उपलब्धिका सन्दर्भमा शनिबार जनकपुरमा आयोजित पत्रकार सम्मेलनमा उनले नेपालमा संघीयता सफल हुने वा असफल हुने कुरा प्रदेश नं २ को सरकारको सफलता र असफलतासँग प्रत्यक्षरूपमा सम्बन्धित रहेको भन्दै राजनीतिज्ञ, बुद्धिजीवी, नागरिक समाजलगायतका सरोकारवालाले विश्लेषण गरिरहेको अवस्थामा विभिन्न समस्या, असहयोग र अभावका बाबजुद अहोरात्र खटेर संघीयतालाई बचाउन सफल भएको बताए । प्रदेश प्रहरी ऐन, लोकसेवा आयोग गठनलगायत २३ वटा कानून प्रदेशसभाबाट स्वीकृत, ८० वटा कानून तयारी अवस्थामा र २२ वटा कानून विधायन समितिमा विचाराधीन रहेको, संरचनाको निर्माण, उपलब्ध भएका संरचनाको मर्मतसम्भार लगायतका कार्यलाई प्राथमिकता दिइ तीव्र गतिमा काम भएको मुख्यमन्त्री राउतले जानकारी दिए ।

उनले प्रदेश निजामती सेवा विधेयक निर्माण भई प्रदेशसभामा विचाराधीन रहेको, महिला सशक्तीकरण तथा सामाजिक सुधारका लागि 'बेटी पढाउ, बेटी बचाउ' अभियान असाध्यै उपलब्धिमूलक र जनताले सकारात्मक अनुभूति गरेको बताए ।

'बेटी पढाउ, बेटी बचाउ' अभियानअन्तर्गत १४ हजार छात्रालाई साइकल वितरण गर्नुका साथै करिब १५ हजार छात्रालाई साइकल वितरण गर्ने प्रक्रिया अगाडि बढाइएको, समाजमा छोरी जन्मनुलाई 'सराप होइन वरदानका रूपमा लिनुपर्छ' भन्ने जनभावना वृद्धि गरी छोरीको जीवन सुरक्षित गर्ने उद्देश्यले बीमा रकमलाई वृद्धि गरी रु तीन लाख पुऱ्याइएको पत्रकार सम्मेलनमा मुख्यमन्त्री राउतले जानकारी दिए ।

उनले वातावरण स्वच्छ बनाउन मुख्यमन्त्री स्वच्छता अभियान सञ्चालन गरी प्रभावकारी कार्य गर्दै आएको, स्थानीय तहसँग समन्वय गरी बाटो निर्माण पुल निर्माण, जनता आवास कार्यक्रम सञ्चालन, प्रदेश कार्यालयको भवन निर्माणलगायतका कार्य गरिएको र शहीद परिवारको आयस्तरमाथि उकास्नका लागि भैंसी वितरण, कृषकलाई कृषि पेशाप्रति उत्प्रेरित बनाई कृषि उत्पादनमा वृद्धि गरी किसानको जीवनस्तर सुधार ल्याउनका लागि ट्र्याक्टर तथा सोलार पाइप वितरण गरिएको बताए ।

मुख्यमन्त्री राउतले छात्रछात्रालाई आत्मसुरक्षासम्बन्धी तालिम प्रदान, जनकपुर अञ्चल अस्पताललाई प्रादेशिक अस्पतालका रूपमा विकास र आधुनिक उपकरण जडान, विभिन्न स्थानमा सांस्कृतिक सम्पदाको सौन्दर्यकरण, प्रदेशभित्रका राष्ट्रिय वनजङ्गललाई संरक्षण र प्रवर्द्धनका लागि संघीय सरकारबाट सागरनाथ वन प्रदेश मातहत ल्याउन सर्वोच्च अदालतमा मुद्दा दायर गरिएको छ भने ।

मधेश आन्दोलनका शहीद परिवारलाई एक शहीद, एक रोजगार योजनाअन्तर्गत रोजगार उपलब्ध, शहीद स्तम्भ तथा उद्यान निर्माण, आन्दोलनमा घाइते परिवारलाई राहत उपलब्ध, मानव सभ्यताका स्रोत पोखरी जलासयलाई संरक्षण गरिएको, ५० प्रतिशत सरकारी सेवामा छोरीहरूलाई विशेष आरक्षण कानून निर्माण गरिएको, दलित समुदायका लागि १८ प्रतिशत विशेष आरक्षण गरिएको उनले जानकारी दिए ।

एक प्रश्नको जवाफमा मुख्यमन्त्री राउतले प्रदेशको नाम मधेश प्रदेश नै राख्नेबारे गहन छलफल भइरहेको र सरकारको दुई वर्षको कार्यकाल पूर्णरूपले सफल रहेको छ भने । समिति तथा निकायबाट सम्पन्न भएका कामको चाँडो भुक्तानी दिनका लागि सरकार प्रयास गरिरहेको छ भन्दै काम गर्नेको भुक्तानी विधि प्रक्रियाअनुरूप अवश्य हुने धारणा उनले राखे । 'यो सरकार पाँच वर्षका लागि गठन भएकाले यही सरकार पाँच वर्षसम्म रहन्छ । सरकार परिवर्तनका कुरामा सत्यता छैन,' उनले भने ।

राप्रपालाई आदर्शवादी र निष्ठावान् बनाउँछु : कमल थापा

काठमाडौं/मस- राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले पार्टीलाई आदर्शवादी र निष्ठावान् बनाउने बताएका छन् । साथै उनले कांग्रेस, एमालेलगायतको सरकारमा सहभागी भएर पार्टीले भूल गरेको स्वीकारेका छन् ।

'हामीले तातै खाऔं भनेर अलि हतार गऱ्यौं, सरकारमा गएको आलोचना भयो, जनताले मन पराएनन्,' काठमाडौंमा शनिबार आयोजित एक कार्यक्रममा थापाले भने 'विगतको गल्ती त्रुटि कमजोरीलाई सुधारेर अब राप्रपालाई सिद्धान्तनिष्ठ र आदर्शवादी पार्टी बनाउँछौं ।' मुलुकको धरातलीय यथार्थलाई मध्यनजर गर्दा राप्रपाले बोकेको नीति, विचार र मार्गचित्र उपयुक्त देखिएको जिकिर पनि उनले गर्न भ्याए । कांग्रेस, कम्युनिस्टले अवसर पाएर पनि केही गर्न नसकेकाले यिनको विकल्पमा राप्रपालाई स्थापित गराउन उनले कार्यकर्ताको साथ मागे ।

'कांग्रेस र कम्युनिस्टले अवसर पाएर पनि केही गरेनन्,' थापाले भने, 'अब यिनको विकल्पका रूपमा राप्रपालाई स्थापित गराउनु पर्छ ।'

जग्गा खाली गराउन हतियारसहित पुगे भूमाफिया

शुभनारायण कामती/मध्यान्ह
सिरहा, ३ फागुन

सिरहा जिल्लाको एक सुकुम्वासी बस्ती खाली गराउन हतियारसहित पुगेका एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ। मिर्चैया नगरपालिका-५ को सुकुम्बासी बस्ती हटाउन शनिबार दुईनाले बन्दुकसहित पुगेका स्थानीय वीरेन्द्र साहलाई प्रहरीले हतियारसहित नियन्त्रणमा लिएको सिरहा प्रहरीले जनाएको छ । मिर्चैया नगरपालिका-५ का साह पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मिर्चैया-५ को उत्तरपट्टि जीवाखोला छेउमा रहेको सुकुम्बासी बस्ती डोजर लगाएर खाली गराउन बन्दुकसहित पुगेका थिए । उक्त बस्तीमा ३८ घरपरिवार दलित, पासवान, मुसहर लगायतका जाति बस्दै आएका छन् । भूमाफिया साह बन्दुकसहित पुगेको जानकारी पाए लगत्तै इलाका प्रहरी कार्यालय मिर्चैयाका डीएसपी सन्तु जैसवालले झडप हुनसक्ने भन्दै प्रहरीको टोली पठाएका थिए । अमिनल्याएर र प्रक्रिया पुऱ्याएर मात्र जग्गा खाली गराउने भन्ने सहमतिमा पुगेपछि घर नभत्काएको र साह इलाका प्रहरी कार्यालय मिर्चैयाको नियन्त्रणमा रहेको डिएसपी जैसवालले जानकारी दिए ।

टिपरको ठक्करबाट दुई विद्यार्थीको मृत्यु

विराटनगर/मस- विराटनगर महानगरपालिका-४ को विराटनगर-धरान सडक खण्डमा टिपरको ठक्करबाट दुई जना मोटरसाइकलमा सवार विद्यार्थीको शनिबार मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार विराटनगरबाट इटहरीतर्फ गइरहेको को १ ख ७३०९ टिपरले र सोही दिशातर्फ गइरहेको प्र २-०१-००१प १६०८ नं को मोटरसाइकललाई महानगर स्वागतद्वारस्थित ठक्कर दिँदा दुई जनाको मत्यु तथा एक जना घाइते भएका छन् ।

मृत्यु हुनेमा सप्तरीको पतरा निवासी २२ वर्षीय हरेराम साह र सिरहा जिल्ला सुखिपुरका १९ वर्षीय ओजिर रायन र सप्तरीको रुपनी निवासी २० वर्षीय धनराज यादव रहेको प्रहरीले जनाएको छ । तीन जना सवार मोटरसाइकल ओभरटेकका क्रममा ठक्कर खाँदा उक्त दुर्घटना भएको हो ।

ती विद्यार्थी गोल्डक पार्क कलेजमा ओभरसिरयरमा अध्ययनरत रहेका छन् । घाइते यादवको प्रादेशिक (कोशी) अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटना गर्ने चालक र टिपरलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रधानमन्त्रीको...

सुधारसँगै प्रत्येक वर्ष गरिबीको रेखामुनी रहने प्रतिशत, जनसंख्याको १.५ बिन्दुले घटेको प्रधानमन्त्री ओलीले बताए । "आर्थिक वर्ष २०४७ सालतिर निरपेक्ष गरिबीको रेखामुनी रहनेको संख्या, कूल जनसंख्याको ४२ प्रतिशत थियो । संख्यामा बोल्ने हो भने करिब ८० लाख जनसंख्या गरिबीको रेखामुनी थिए । आर्थिक बर्ष २०७६ को अन्त्यतिर जनसंख्याको १६.५ प्रतिशत अर्थात करिब ४८ लाख गरिबीको रेखामुनी रहने अनुमान छ । अब हामी गरिबी निवारण मात्रै होइन, उन्मूलन नै गर्नेगरी अघि बढ्छौं", प्रधानमन्त्रीको भनाइ थियो ।

प्रत्येक ३ प्रतिशतको आर्थिक वृद्धिले रोजगारीमा कम्तिमा १ प्रतिशतले बृद्धि गर्छ भन्ने मान्यता अनुरुप ६.५ देखि ७ प्रतिशतको आर्थिक वृद्धि गरिरहँदा त्यही अनुपातले हेर्ने हो भने पनि रोजगारीको बृद्धि स्वभाविक रुपमा २ देखि ३ प्रतिशतको बीचमा हुने बताए ।

६६ प्रतिशत जनसंख्याले इन्टर नेटको सुविधाको उपभोग गरेको, भूकम्प पछिको पुनर्निर्माण अन्तर्गत गत २ वर्षमा ३ लाख ७४ हजार निजी घरको निर्माण सम्पन्न भएको, ३०० भन्दा बढी सरकारी भवन, २ हजार ६०० भन्दा बढी विद्यालय भवनहरु बनेको प्रधानमन्त्रीले बताए । जनता आवास कार्यक्रम अन्तर्गत ८ हजार आवास इकाईहरु निर्माण गरिएको र २०७५ चैत १७ गते राती आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लामा क्षति भएका ८ सय ६९ घरहरुको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी उपभोक्ताहरुलाई हस्तान्तरण गरिसकिएको उनले बताए । विद्यालयमा खुद विद्यार्थी भर्नादर शतप्रतिशत हुँदै गरेको र विद्यालय छाड्ने दर २.६ प्रतिशतमा झरेको प्रधानमन्त्रीले बताए । प्रधानमन्त्री ओलीको सम्बोधन पछि विपक्षी दलका सांसदहरुले केही प्रश्न गरेका थिए । तर, प्रधानमन्त्रीले जवाफमा पहिलेकै कार्य प्रगती दोहोऱ्याए ।

सीसी...

एक महिनापछि प्रहरीले काभ्रेबाट अनिश तामाङलाई पक्राउ गर्न सफल भयो ।

यसरी प्रहरीलाई आपराधि क्रियाकलापमा संलग्नलाई समात्न सीसी क्यामेरा महत्वपूर्ण साधन बन्न थालेको छ । सानाठूला अपराधमा संलग्नहरू सीसी क्यामेराकै सहायताले पक्राउ पर्दै आएका छन् । सीसी क्यामेरामा कैद भएका फुटेजको सहयोगमा फरार अभियुक्तलाई प्रहरीले समातेर कारबाहीको दायरामा ल्याइरहेको प्रहरीले जनाएको छ ।

साउन यता ट्राफिक नियम मिच्ने, दुर्घटना निम्त्याउने, भाग्ने, अपराधमा संलग्न सात हजार तीन सय ७६ जनालाई सिसी क्यामेराकै आधारमा प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीलाई अपराधी समात्न तथा अपराधको जरासम्म पुग्न सजिलो भइरहेको छ । भने ट्राफिक प्रहरीलाई सवारी दुर्घटना न्यूनिकरण गर्न निकै सहज भइरहेको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाका एसपी जीवनकुमार श्रेष्ठले सीसी क्यामेरो अपराध र दुर्घटनाको तथ्य पत्ता लगाउन निकै सहयोग भइरहेको बताए ।

काठमाडौंका सबैजसो मुख्य चोक सिसी क्यामेरा जडित छन्। ती क्यामेराले ट्राफिक नियम मिच्नेलाई मात्र होइन, अन्य आपराधिक कार्यमा संलग्नलाई समात्न पनि सघाउ पुऱ्याएका छन् । उपत्यकामा अहिले एक हजार ६ सय ८४ स्थानमा सिसी क्यामेरा जडान गरिएका छन् ।

सिसी क्यामेरालाई महानगरीय प्रहरी कार्यालय रानीपोखरी (मेट्रो) र ट्राफिक प्रहरी महाशाखाबाट 'मोनिटर' गरिरहेको छ ।

अपराध पत्ता लगाउन अत्यावश्यक भएपछि प्रहरीले यस विषयमा बढी चासो दिँदै आइरहेको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका एसएसपी किरण बज्राचार्यले बताइन् । विभिन्न ठाउँमा राखिएका सिसीटीभीका कारण अपराध अनुसन्धानमा सजिलो भएको उनको भनाइ छ ।

सिसीटीभी जडान तथा सञ्चालनसम्बन्धी कार्यविधि-२०७२ को संशोधन २०७५ ले आवश्यकताका आधारमा प्रयोग गर्न पाइने व्यवस्था गरेको छ । त्यसका लागि निजी, सार्वजनिक र व्यापारिक क्षेत्र छुट्ट्याइएको छ । पुरै उपत्यकालाई सुरक्षित राख्न १७ हजार सीसी क्यामेरा आवश्यक पर्ने एसएसपी बज्राचार्यको भनाइ छ ।

५० मिटरको दूरीमा सिसी क्यामेरा जडान गर्ने हो भने उपत्यकालाई सुरक्षित राख्न सकिने उनको भनाइ छ । उनले उपत्यकामा रातको समयमा भएका आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न उज्यालो ठाउँमा सिसी क्यामेरा जडान गरिनुपर्ने हुन्छ ।

हरेक क्षेत्रमा सीसी क्यामेरा जडान गर्न सकिएमा अपराध नियन्त्रणमा निकै राहत हुने प्रहरीको अनुमान छ । त्यसका लागि प्रहरीले महानगर, सहरी विकास मन्त्रालय, विभिन्न संघ संस्थासँग समन्वय गर्दै आएको छ ।

१४ दिन...

बताए ।

क्वारेन्टाइनमा जस्ताले वरिपरि बार लगाउनुका साथै प्राधिकरणको चारवटा भवन प्रयोग गर्नेगरी व्यवस्थापन गरिएको छ । ठूला दुई भवनमा पुरुष, परिवारसहित आउने टोली, रातो भवनमा महिला र अर्को सानो क्वार्टर भवनमा चिकित्सकसहितको स्वास्थ्यकर्मी बस्नेगरी चारवटा भवनमा सबै संरचना जडान गरी व्यवस्थापन गरिएको छ । भवनमध्ये ब्लक ए मा ८६, ब्लक बि मा ८९ र ब्लक सि मा २५ जना गरी कूल २०० जना क्षमता रहेको क्वारेन्टाइन तयार पारेको सचिवालयका उपसचिव विदुर खड्काले जानकारी दिए ।

क्वारेन्टाइनको सबै भवनमा गरी १८ वटा सिसिक्यामरा, आठ टेलिभिजन, सबै ब्लकमा स्पीकर जडान गर्नुका साथै तीनवटा वासिङ्ग मेशिन, ओछ्यान, टावेल, चप्पल, साबुन, मन्जन, ब्रश, मास्क र औषधिलगायत दैनिकरुपमा आवश्यक सबै सामग्री प्रत्येक शैयामा पुर्‍याइएको छ । एक कोठामा कम्तीमा एक मिटरको फरकमा दुईदेखि तीन शैया रहने गरी कोठाको व्यवस्थापन गरिएको छ ।

शौचालय मर्मत, तातोपानी, खानका लागि शुद्ध पानी, कोठामा इन्टरकम टेलिफोन राखिएको छ । मनोरञ्जनका लागि दुई ब्याडमिन्टन कोड निर्माण गरिएको छ भने क्यारेमबोर्ड, लूडो र बच्चाका लागि बललगायतका खेल सामग्री व्यवस्था गरिएको छ । कोठाभित्रै बस्ने नभइ कोठाबाट बाहिर क्वारेन्टाइनभित्रको निश्चित क्षेत्रमा हिँडडुल गर्न पाइनेछ ।

पत्रकारका लागि क्वारेन्टाइन बाहिर सञ्चारकर्मी कक्षको व्यवस्था गरिएको छ । क्वारेन्टाइनमा उनीहरुले प्रयोग गर्ने शौचालयको सेफ्टी ट्याङ्कीदेखि बढी भएको खाना व्यवस्थापन गर्ने जमिनमुनि छुट्टै संरचना बनाइएको छ । चौबिसै घण्टा संयुक्त सुरक्षा फौजले सुरक्षा प्रदान गर्नेछ । क्वारेन्टाइन बाहिर रहेको कन्ट्रोल रुमबाट २४ सै घण्टा अनुगमन गरिनेछ ।

प्रधानमन्त्री...

अनुदान दिने ? भनी कतिपयले प्रश्न उठाइरहेको बेला मन्त्रालयले विश्व बैंकसँग ऋण परिचालनको कार्यविधि बनिरहेको जनाएको छ ।

वैदेशिक रोजगार विभागको गत वर्षको तथ्यांक अनुसार, संस्थागत, व्यक्तिगत तथा रिइन्ट्री गरी ५ लाख ८ हजार ८ सय २८ जना वैदेशिक रोजगारीमा गए । गत वर्ष बन्द रहेको मलेसिया खुला भएसँगै यो संख्यामा अर्को एक लाख थप हुन सक्ने छ । यसले कुल बेरोजगार श्रम शक्तिमध्ये रोजगार पाउनेको संख्या एक तिहाइमात्र हुने देखाएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबार संसद्मा आफ्नो दुईवर्षे प्रगति सुनाउँदा भने फरक चित्र प्रस्तुत गरे । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट उपलब्ध तथ्यांकलाई आधार बनाएर उनले भने, 'श्रम बजारमा आउने नयाँ युवाले रोजगारी पाइरहेका छन् । नयाँ आउने श्रमशक्ति अनुसार रोजगारी बढाएका छौं । अब पुराना बेरोजारलाई मात्र रोजगारी दिन बाँकी रहेको छ । शिक्षा र सीपलाई जोड्न नसक्दा शिक्षित बेरोजागार बढ्ने भएकाले त्यसो हुन नदिन सरकार प्रयत्नशील छ ।

श्रम बजारमा प्रत्येक वर्ष ५ लाख जनशक्ति आउने गरेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत आन्तरिक रूपमा छुट्याइएको सीमित बजेट र त्यसमा सघाउने विदेशीदाताको ढिलाइले आगामी ५ वर्षभित्रमा कुनै पनि नेपाली नागरिकले बाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य नहुने धेरैको आकलन छ ।

मच्छिन्द्रले ...

मच्छिन्द्रले खेलेका १३ खेल मध्ये नौमा जित, तीनमा हार तथा एकमा बराबरीका साथ २८ अङ्क जोड्यो । अघिल्लो संस्करणमा पुछारबाट दोस्रो स्थानमा रहेको कारण मच्छिन्द्रको एक अङ्क घटाइएको थियो । आर्मीले २०६३ को लिगमा नेपाल पुलिस क्लबसित पराजित भई उपविजेतामै चित्त बुझाउन बाध्य भएको थियो ।

गत मंसिर २७ गतेबाट जारी लिगमा राष्ट्रिय टीमका कप्तान विराज महर्जन नै मछिन्द्रको नेतृत्व समाह्लेका थिए भने आर्मीका कप्तान भरत खवास थिए ।

मलेसियामा वैदेशिक रोजगारको अवसर | १. कम्पनी: BOUNTIFUL YIELDS SDN.BHD
शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७३२ LT. No.: 233148

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner	30	0	स. काममा दक्ष	1200	३३,०२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

२. कम्पनी: TO BINA SDN BHD शहर: MALAY
पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७७० LT. No.: 233147

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker	25	0	स. काममा दक्ष	1200	३३,०२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ११ गते (23 Feb. 2020) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	रोजगार दाताले व्यहोर्ने	रु. ७००/- रोजगार दाताले	रु. १,५००/- रोजगार दाताले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इ. पत्र नं.: १४५४/०७४/०७५
All-Solution Employment Service Pvt. Ltd.
Basubdhara-3, Kathmandu, Tel.: 4358138, 4366038
E-mail : info@allsolution.com.np, allsolution@gmail.com, Web.: www.allsolution.com.np

साउदीमा रोजगार | कम्पनी : KHALID HAMOUD AL-KHALDI & PARTNERS CO.
शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७६/१०/१४ चलानी नं.: ६०१५०७२६ L.T. No.: 231950

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Truck Driver	10	0	स. काममा दक्ष	1800	५४,६६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ११ गते (23 Feb. 2020) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२
अल-समित म्यानपावर प्रा. लि.
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
ISO 9001 certified company
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com

आ–आफ्नै तर्क

कामभन्दा कुरा बढी भयो : प्रतिपक्षी कांग्रेस छक्क पर्‍यो : सत्तापक्ष

काठमाडौं/मस– पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारले दुई वर्षमा दुईवटापनि राम्रो काम गर्न नसकेको प्रतिक्रिया दिएका छन् । शनिबार प्रतिनिधिसभामा प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारका दुई वर्षका काम र प्रगतिको विषयमा जानकारी गराएपछि कांग्रेस सभापति देउवाले सरकारले दुईवटापनि राम्रो काम गर्न नसकेको बताएका हुन् । संसद बैठकपछि पत्रकारहरुसँग छोटो कुरा गर्दै सभापति देउवाले भने, 'दुई वर्षमा दुईवटा पनि महत्वपूर्ण काम गरेको देखिँदैन ।'

त्यस्तै पूर्वप्रधानमन्त्री एवं समाजवादी पार्टी नेपालका संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईले दुई तिहाईको सरकारले अर्थतन्त्र तथा सामाजिक क्षेत्रमा गुणात्मक परिवर्तनको काम गर्ने अपेक्षा जनताको थियो तर सरकारले केहीपनि देखाउन नसकेको बताए । उनले प्रधानमन्त्री ओली कै विषयमा चिन्तित हुनुपर्ने अवस्था रहेको बताए । सरकारका काम निराशाजनक छ भनेर आफ्नै पार्टीले भनेको अवस्थामा प्रधानमन्त्री त्यसलाई स्वीकार गरेर सच्याउने दिशामा जाने भन्दापनि अत्यन्त अहंकारपूर्ण ढंगले र प्रतिक्रियात्मक ढंगले प्रस्तुत भएको उनको भनाइ थियो ।

राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले प्रधानमन्त्री ओलीले राम्रो भाषण गरेको बताए । उनले भाषण अनुसार जनताले प्रगति भने अनुभुति गर्न नपाएको बताए । उनले भने, 'खै सुन्दाखेरी त कतिन राम्रो गरेको छ भन्ने लागेको होला, भाषण त धेरै राम्रै थियो तर त्यो अनुसार मुलुकमा जनताले अनुभुति गरेको छ कि छैन त्यो मुख्य सवाल हो । मलाई लाग्दैन उहाँले भनेजस्तै जनताले त्यही अनुसार अनुभुति गरेका छन्, उहाँले सबै कुरा राम्रो देख्नुभएको छ तर मुलुकमा सबैकुरा राम्रो भएको छैन ।' उनले सरकारको यो प्रवृत्तिले संविधानको औचित्य कुन दिन समाप्त हुने हो भन्ने ठेगान नभएको समेत बताए ।

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले दुईवर्षको अवधिमा केही काम गर्न नसकेपनि सरकारले बोल्ने कुरा गरेको बताए । उनले विकास बजेट खर्च गर्न नसकेको स्वीकार स्वयं प्रधानमन्त्रीले गरिसकेको र जनतालाई चित्त बुझ्दो काम सरकारले गर्न नसकेको प्रष्ट भइसकेको बताए ।

नेपाली कांग्रेसका नेता ज्ञानेन्द्र बहादुर कार्कीले प्रधानमन्त्री ओलीले गरेको व्याख्या व्यवहारमा नमिल्ने बताए । उनले महँगी बढेको र असुविधा बढ्दै गएका कारण नेपाली जनता निराश भएको बताए । उनले भने, 'खास गरेर २ वर्षको सरकारको उपलब्धिको बारेमा जति प्रधानमन्त्रीले व्याख्या गर्नुभयो, त्यो व्यवहारसँग नमिल्दो छ । अहिले नेपाली जनतामा निराशा छाएको छ, नेपाली जनता महंगीबाट आक्रान्त छन्, अशुविधाबाट आक्रान्त छन् । जुन सपना बाँडिएको थियो र जुन सपनाको बारेमा अहिले व्याख्या गरिएको छ त्यो वास्तविकतासँग मेल खाँदैन ।'

नेपाली कांग्रेसका अर्का नेता दिलेन्द्रप्रसाद बडुले संघीय संरचनापछि पहिलो र सबैभन्दा बलियो सरकार बनेको अवस्थामा पनि बजेट खर्च गर्न नसक्नुले सरकारले काम गर्न नसकेको स्पस्ट हुने बताए । उनले बजेट खर्च गर्न नसक्दासम्म संघीयता माथि र संविधानमाथि संकट पर्न सक्ने खतरा रहिरहने बताए ।

त्यस्तै नेपाली कांग्रेसका नेता राजेन्द्र केसीले प्रधानमन्त्री ओलीले दुई वर्षमा केही काम गर्न नसकेपनि आफ्नो कर्मकाण्ड पूरा गरेको बताए । उनले भने, 'प्रधानमन्त्री जी ले दुई वर्षको आफ्नो कार्यकाल समाप्त भयो भन्ने सम्बन्धमा लामो फेहरिस्त विकास निर्माणको दिनुभयो । त्यसमा इन्डेक्सका कुरा गर्नुभयो इम्प्रेसनका कुरा गर्नुभयो आम जनताचाहीँ इम्प्रेसनमा छैनन् । इन्डेक्स कहाँ के के छ हामीलाई थाहा छैन ।'

समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठले अस्थिर राजनीति भएको देशमा दुई वर्ष सरकार चल्नु नै उपब्धि भएको जस्तो गरी प्रस्तुत भएको बताए । उनले संविधान जारी भएपछि बनेको बलियो सरकारले काम गरेर देखाउने सुविधा र अवसर हुँदा हुँदै पनि केही गर्न नसकेको बताए । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता सुवास नेम्वाङले सरकारको पाँच वर्ष मध्ये दुई वर्षमा आधार तयार भएको बताए । उनले भने, 'जनतामा अपेक्षा र आशा बढी छ र यो विगतमा जे जे भयो र जे प्रकारका अप्ठ्याराहरु हामीले सामना गरेर यहाँ सम्म आइपुग्यौं त्यो हेर्दा जनतामा अपेक्षा र आशा बढी हुनुलाई अन्यथा मान्नुपनि हुँदैन, अहिले अब हामीले एउटा आधार तयार गरेका छौं र बाँकी रहेको यो तीन वर्षमा हामीले जनता समक्ष गरेका प्रतिवद्धताहरुलाई पूरा गर्ने छौं ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले सरकारको प्रगति सुनेर कांग्रेस लगायतका प्रतिपक्षी दलहरु छक्क परेको प्रतिक्रिया दिए । उनले भने, 'कांग्रेसबाट विरोध आएन, कांग्रेस चुप्प लागेर सुन्यो र प्रगति सुनेर कांग्रेस आफै छक्क पर्‍यो किन भने तथ्यांक यही हो र जनताको बीचमा पनि यो पुग्छ । हामीले जे काम गरेका छौं त्यो प्रधानमन्त्री ज्यूले राम्रोसँग राख्नुभायो र त्यसप्रति कांग्रेसको तर्फबाट प्रश्न आयो विरोध आएन, प्रधानमन्त्री ज्यूले त्यसको पनि जवाफ दिनुभयो र ती तथ्यांक मै आधारित थिए ।'

अर्थमन्त्री डा. युवराज खतिवडाले केही ठूला संरचना निर्माणमा स्वभाविकैले समय लाग्ने भएपनि तत्काल गर्न सकिने कामहरु सम्पन्न भएका र सरकारले दुई वर्षमा सामाजिक सुरक्षा लागयतका धेरै राम्रा कामको सुरुवात गरेको बताए । उनले बैंकिङ क्षेत्रको सुधार, रोजगारका कार्यक्रमहरु, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा उल्लेख्य प्रगति भएको बताए ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता नवराज सिलवालले सरकारले दुईवर्षमा उत्साहजनक काम गरेको बताए । उनले आकांक्षहरु, सपनाहरु, चाहनाहरु धेरै भएको यथार्थ एकातिर भएपनि सरकार अगाडि बढेको दिशाले प्रसस्त आशाहरु र सम्भावनाहरु देखाएको बताए ।

संघीय संरचनापछि सरकार गठन भएको दुई वर्ष पूरा भएको अवसरमा प्रधानमन्त्री ओलीले शनिवार सरकारले गरेका कामहरुको फेहरिस्त प्रतितिधि सभामा प्रस्तुत गरेका थिए । उनले भ्रस्टाचार न्यूनीकरणमा जोड दिएको र विकासको आधार तयार भइसकेको बताएका थिए । त्यस्तै मुलुकका अधिकांश आर्थिक तथा सामाजिक सूचकहरुमा उल्लेख्य सुधार भएको भन्दै सरकार सफलताको पथमा रहेको उनको भनाइ थियो ।

१३ हजार बढीले गरे सेनाको वृहत प्रदर्शनी अवलोकन

काठमाडौं/मस– नेपाली सेनाले आयोजना गरेको 'वृहत प्रदर्शनी' सम्पन्न भएको छ । 'महाशिवरात्री तथा सेना दिवस २०७६' को अवसरमा नेपाली सेनाले फागुन १ गतेदेखि जंगी अड्डामा आयोजना गरेको निःशुल्क 'वृहत प्रदर्शनी' फागुन ३ गते शनिबार सम्पन्न भएको हो ।

नेपाली सेनाको गौरवमय इतिहास तथा वर्तमानलाई समेटेर विगतदेखि वर्तमानसम्म गरेको उल्लेखनीय कार्यहरु, सेनाको विभिन्न उपकरण, पोशाक तथा सामग्रीहरुको फोटो प्रदर्शनीमार्फत आमजनमानसमा विशेष गरी युवावर्ग, विद्यार्थी, बालबालिकाहरुलाई नेपाली सेनालाई नजिकबाट नियाल्ने अवसर प्रदान गर्ने उद्देश्यले निःशुल्क 'वृहत प्रदर्शनी' को आयोजना गरिएको सेनाले बताएको छ ।

नेपाली सेना इतिहासदेखि वर्तमानसम्म भन्ने थिममा आधारित उक्त प्रदर्शनी अवलोकनको लागि उपत्यका भित्रका विद्यालयहरुका, आम नेपाली जनता, पर्यटक तथा अन्य विदेशी नागरिकहरुका लागि समेत खुला गरिएको थियो । नेपाली सेनाको विविध गतिविधिहरु समावेश गरी आयोजना गरिएको उक्त प्रदर्शनीमा जम्मा २३ वटा स्टल रहेको थियो । उक्त प्रदर्शनीमा १ गतेदेखि ३ गतेसम्म जम्मा १३ हजार ३७३ जनाले अवलोकन गरेको सेनाले जनाएको छ ।

यस प्रकारको प्रदर्शनीमार्फत जनमानसमा विशेष गरी युवावर्ग, विद्यार्थी, बालबालिकाहरुद्वारा नेपाली सेनालाई नजिकबाट नियाल्ने अवसर प्राप्त भएको विश्वास नेपाली सेनाले लिएको छ ।

पाकिस्तानी दूतावासद्वारा पाँच सय विद्यार्थीलाई छात्रवृत्ति

काठमाडौं/मस– राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले देशका विभिन्न उच्च माध्यमिक विद्यालयमा दशजोड दुई अध्ययन गरीरहेका ५०० विद्यार्थीलाई 'एम्बासडर अफ पाकिस्तान स्कलरसिप्स' प्रदान गरेका छन् ।

सन् २०१३ देखि यहाँस्थित पाकिस्तानी राजदूतावासले जेहेन्दार विद्यार्थीलाई हरेक वर्ष प्रदान गर्दै आएको पाकिस्तानी राजदूत छात्रवृत्ति शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा अध्यक्ष तिमिल्सिनाले जेहेन्दार छात्रछात्रलाई जनही रु १० हजार वितरण गरेका हुन् ।

त्यस अवसरमा संक्षिप्त मन्तव्य व्यक्त गर्दै उनले नेपालको शैक्षिक विकासमा पाकिस्तानले निरन्तर सहयोग गर्दै आएकामा त्यसको सराहना गरे । नेपाल र पाकिस्तानबीच सरकारीस्तरमा सुमधुर सम्बन्ध रहेको चर्चा गर्दै उनले दुई देशबीचको जनस्तरको सम्बन्धलाई छात्रवृत्तिलगायत यस्ता कार्यक्रमले अझ प्रगाढ तुल्याउने बताए ।

नेपालका लागि पाकिस्तानका राजदूत मजहर जाबेदले नेपालको विकासका संवाहक युवा वर्ग भएका र तिनलाई शैक्षिक रुपमा सबल बनाउन आफ्नो देशले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै छात्रवृत्तिको संख्या बढाउने जानकारी दिए ।

नेपाल-पाकिस्तान मैत्री तथा सांस्कृतिक संगठनका अध्यक्ष हिमालय शम्शेर जवराले नेपालका युवा तथा विद्यार्थीलाई थोरै भएपनि छात्रवृत्ति उपलब्ध गराएर पाकिस्तानले नेपालसँगको सम्बन्धलाई अझ नजिक ल्याएको बताए ।

६ लाखसहित १६ जुवाडे पक्राउ

काठमाडौं/मस– नेपाल प्रहरीले छ लाख २५ हजार रुपैयाँ नगदसहित १६ जुवाडे पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त बालाजुका प्रमुख रञ्जितसिंह राठौर नेतृत्वको प्रहरी टोलीले तारकेश्वर नगरपालिका-९ शुभकामना चोकमा घर भाडा लिएर बस्ने दिनेश पन्तको कोठामा जुवा खेल्ने १६ जनालाई शुक्रबार राति पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा शङ्कर डङ्गोल, मोहन खड्का, देवरत्न श्रेष्ठ, रोशन ठकुरी, रामशरण खत्री, पदम अधिकारी, इन्द्रराज विडारी, दिनेशराज कुँवर, बुद्धीबहादुर गुरुङ, राजु गुरुङ र अनुप गुरुङ छन् । देवेन्द्र केसी, श्यामसुन्दर नगरकोटी, विमल मगर, दिनेश पन्त र शिवजी शिवाकोटीलाई नियन्त्रणमा लिएको छ ।

महानगरीय प्रहरी परिसर काठमाडौँका प्रवक्ता प्रहरी नायब उपरीक्षक होविन्द्र बोगटीले ठूलो रकम कारोवार गर्नेगरी जुवातास खेलेकाले प्रहरीले नियन्त्रणमा लिएको जानकारी दिए । पक्राउ परेकासँग नगद पनि नियन्त्रणमा लिएको छ ।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier

✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✓ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

सम्पादकीय

नदेखिएको उत्साह

केही वर्ष स्थगित भएर गएको सिजनबाट शहीद स्मारक ए डिभिजन लिगले फेरि निरन्तरता पाएको छ । तर, गएको सिजन बिना रेलिगेसन लिग चल्यो । त्यसैले देशकै ए डिभिजन लिगको आकर्षण देखिन नसकेको टिप्पणी भयो । यो सिजनबाट भने रेलिगेसनको व्यवस्था भयो । सरस्वती युवा क्लब रेलिगेसनमा पर्‍यो । रेलिगेसनमा परेसँगै, सरस्वती युवा क्लबले ए डिभिजनबाट बाहिरिनु परेको छ । अब सरस्वतीले बी डिभिजन खेल्नुपर्नेछ ।

रेलिगेसनसहित भएकै खेल पनि शनिबार सकिएको छ । १४ क्लबलाई पछि पार्दै सान मिगेल मछिन्द्र क्लबले उपाधि जितेको छ । गएको सिजनमा अन्तिम दोस्रोमा परेको मछिन्द्रले नाटकीय पुनरागमन गर्दै उपाधि नै जित्यो । १२ खेल सकिदा १९ अंक सहित शीर्ष स्थानमा रहेको आर्मीलाई एक–शून्य गोल अन्तरले हराउँदै मछिन्द्रले सनसनीपूर्ण जित निकाल्यो । मछिन्द्र गत सिजनमा दोस्रो अन्तिममा परेकाले एक अंक घटाइएको थियो । तर, घटेको त्यो एक अंकले कुनै अर्थ राखेन । लिगको अन्तिम खेलमा मछिन्द्र जित निकाल्दै च्याम्पियन बन्यो ।

देशको प्रमुख र शीर्ष तहको लिग जितेकाले मछिन्द्रमा ठुलै उत्साह देखियो । तर, शनिबार मछिन्द्रले उपाधि जित्दा दशरथ रंगशालामा उत्साह र उत्सब सामान्य मात्रै थियो । खेल अवधिभर देखिएको ठुलो संख्याका दर्शक आर्मीका रहेको बुझ्न गाह्रो परेन । उपाधि जित्ने तयारीका साथ आर्मी खेलाडी र दर्शकसहित उपस्थित थियो । तर, उपाधि जित्न नसकेसँगै रंगशाला शून्यतामा परिणत भयो । गएको सिजनमा रेलिगेसन नभएकाले दर्शक नमिलेको आँकलन गरिएको थियो । तर, शनिबार रंगशालामा देखिएको दृष्यले रेलिगेसन हुनु र नहुनु भन्दा पनि समग्रमा फुटबलप्रति नै आकर्षण घटेको प्रष्ट पारेको छ ।

यसको प्रमुख कारण भने नेपालको फुटबल क्षेत्रमा देखिएको सुस्तता र भ्रष्टाचार नै प्रमुख हो । किनभने, जब राष्ट्रिय टीमकै कप्तान, उपकप्तान सहित प्रमुख खेलाडी नै म्याच फिक्सिङ प्रकरणमा तानिए । यसले समर्थकहरूमा उत्साह घटायो । अर्का तर्फ २०७२ को भूकम्पपछि फुटबल उठ्नै नसक्नेगरी थला पर्‍यो । गएको मंसिरमा राजधानीमै सकिएको १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) मा नेपाल च्याम्पियन नै बनेको थियो । तर, यो उपाधि विश्व फुटबल महासंघ (फिफा) बाट मान्यता प्राप्त थिएन । त्यसैले फेरि पनि राष्ट्रिय लिगप्रति आकर्षण देखिएन । अतः यसपटक लिगका क्रममा देखिएको नैराश्यतापनबारे सरकार र सरोकारवाला गम्भीर हुनैपर्छ । होइन भने देशले गरेको लगानी बालुवामा पानी मात्रै हुनेछैन, अन्तर्राष्ट्रिय जगतमा नेपालको नाम पहिलेकै जस्तोगरी चम्किलो नदेखिने खतरा हुनेछ ।

सामाजिक सञ्जाल

नेपालमा लोकतन्त्र सुदृढ काँग्रेसको नेतृत्वले मात्र सक्छ । तर यसको लागि कांग्रेस आफैं सुध्रिनु जरूरी छ ।

-रामचन्द्र पौडेल

मन्त्रिपरिषदबाट हुने निर्णयका लागि राजनीतिक रूपमा प्रधानमन्त्री जिम्मेवार हुन्छन् भन्नेमा शंका छैन । तर, संबैधानिक र कानुनी रूपमा सबै मन्त्री समान रूपमा जिम्म्वार हुन्छन् । ललिता निवास प्रकरणमा तत्कालीन प्रधानमन्त्रीमाथि प्रश्न उठाउँदा त्यस मन्त्रिपरिषद्का सदस्यहरू स्वतः जोडिन्छन् ।

– विष्णु रिजाल

केही व्यक्तिहरू मिलेर वडो उत्साहका साथ दुई वर्षअघि सप्तकोसी नदीमा सातओटा जेटबोट चलाउन थालेका थिए । तर, सधैं स्थानीय युवाहरू आउने, हामीलाई टिकट फ्री हुनुपर्छ भनिरहने, २० प्रतिशत कमिशन चाहिन्छ भन्ने र ढुङ्गामुढा नै गर्ने गरेपछि आजीत भएर जेटबोट चलाउन बन्द गरिदिएछन् ।

– आनन्दराम पौडेल

पहुँचवालाको जेल अस्पतालमा हुन्छ । तर कमजोरलाई खोरमा कोचिन्छ । कानुनमा सबै समान हुन्छन् तर केहि विशिस्ट भइदिन्छन् ।

– मनिष झा

लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

विवादित बनेको पोलिमर नोट प्रकरण

■ पदमराज अवस्थी

> अस्ट्रेलियाको उजुरीश्चात् नेपालमा अख्तियारले छानबिन गर्दा कागजी नोटभन्दा पोलिमर नोटको लागत दोब्बर भनिए पनि पहिलो पटक छाप्दा दोब्बरभन्दा कम नै थियो । १० रूपैयाँको एउटा कागजी नोट छाप्दा १ रूपैयाँ ५४ पैसा पर्ने गर्थ्यो भने पोलिमर नोट छाप्दा २ रूपैयाँ २५ पैसा प्रतिनोट लागत पर्न गएको थियो ।

नेपालबाट पोलिमर नोट छाप्नलाई अस्ट्रेलियन सरकारका प्रतिनिधिहरूले धेरै वर्ष पहिलेदेखि नै प्रयत्न गरिरहेका थिए । सोही कामका लागि बुझ्न भनी नेपाल राष्ट्र बैंकका तत्कालीन डेपुटी गभर्नर हिरण्यलाल बज्राचार्य रिजर्भ बैंक अफ अस्ट्रेलिया र नोट प्रिन्टिङ अस्ट्रेलियाको निमन्त्रणमा सिड्नी गएका थिए, तर मेलबर्नबाट बैंकक हुँदै नेपाल फर्कने क्रममा भक्तपुरस्थित भट्टेडाँडामा भएको थाई एयरवेजको जहाज दुर्घटनामा परी उनी दिवंगत हुन पुगे । सोही समयतिर नेपाल राष्ट्र बैंकले पनि सानो दरका नोटहरू पोलिमरमा निकाल्ने चाहना राखेको भए पनि विविध प्राविधिक जटिलताले कागजी नोटबाट पोलिमर नोटमा जान सकेको थिएन । त्यसको केही समयपश्चात् नेपालका लागि तत्कालीन अस्ट्रेलियन राजदूत क्रिसपिन कनरोयले एउटा मात्रै दरको पोलिमर नोट भए पनि छापिदिन सचिव, मन्त्री, नेपाल राष्ट्र बैंक र दरबारका प्रतिनिधिहरूसँग लबिङ गर्न थाले र गरिरहे ।

कागजी नोटभन्दा पोलिमर नोटको लागत दुई गुना महँगो पर्ने तर नोटको आयु चार गुना बढी हुने तर्कसहित राजदूत कनरोयले नेपाली प्रतिनिधिहरूलाई पोलिमर नोटमा जान तयार बनाए । छिमेकतिरका देशहरू थाइल्यान्ड, मलेसिया, सिंगापुरमा नोट प्रिन्टिङ अस्ट्रेलियाले छापेको नोटहरू प्रचलनमा आइसकेका थिए । एक र दुई रुपैयाँको नोटलाई सिक्काबाट प्रतिस्थापन गर्ने र नोट छपाइमा गरिने खर्च दीर्घकालमा कम गर्दै जाने हेतुका साथ वि.सं. २०५७ मा नेपाल राष्ट्र बैंक पोलिमर नोटमा जाने मनसायमा पुगेर २०५८ सालमा नोट प्रिन्टिङ अस्ट्रेलियालाई १० रुपैयाँको नोट छाप्ने जिम्मा दिइयो । यद्यपि यो सम्पूर्ण कार्य सार्वजनिक खरिद ऐनलगायत कानुनी प्रक्रियाअनुसार नै गरिएको राष्ट्र बैंकका तत्कालीन अधिकारीहरू बताउँछन् । यसरी छापिएको ५ करोड थान पोलिमर नोटमध्ये १ करोड थान नोट २०५९ सालको दसैंमा बजारमा पठाइएको थियो ।

१० रुपैयाँको नोट वि.सं. २०५९ पछि एकैचोटि २०६६ सालमा मात्रै छापिएको थियो । योबीचको सात वर्षको अवधिमा सोही पोलिमर नोट बजारमा चल्तीमा रह्यो । डा. तिलक रावलपछि गभर्नर बनेका विजयनाथ भट्टराईले पोलिमर नोटसम्बन्धी सर्वेक्षण गराउँदा पोलिमर नोट कागजी नोटभन्दा २ दशमलव २५ प्रतिशतले मात्र बलियो भएको तर लागत चार गुना बढी भएको निष्कर्ष २०६४ साल जेठ महिनामा निकालेपछि भने नेपालले कहिल्यै पोलिमर नोट छाप्न सकेन र दक्षिण एसियामा श्रीलंकापछि पोलिमर नोट छाप्ने देशका रूपमा भने नेपालले कीर्तिमान कायम गरेकै छ ।

पोलिमर नोट प्रकरण सतहमा आउनुको प्रमुख कारण नोट प्रिन्टिङ अस्ट्रेलियाका नेपालस्थित प्रतिनिधि थिए । सो कम्पनीका नेपालस्थित स्थायी प्रतिनिधि स्टेफन वार्न थिए । अनुसन्धानअनुसार उनले नेपालमा आफ्नो सबैसँग पहुँच रहेको भन्दै पोलिमर नोटका लागि कहिले राजासँग, कहिले अर्थमन्त्री र गभर्नरसँग त कहिले प्रधानमन्त्रीसँग आफ्नो कुराकानी भइरहेको भनी अनावश्यक इमेलहरू अस्ट्रेलिया पठाइरहन्थे । उनले आफ्ना एक जना साथी ब्यारी ब्राडीलाई प्रतिहजार ६८ डलरमा छापिने नोट नेपालले भाउ बढाएर ७२ डलरमा छापेको र ४ डलर तलमाथि भएको इमेल समेत लेखेका थिए । सो कम्पनीलाई प्रभावमा राखिरहन अन्य नेपाली प्रतिनिधिहरूले पनि हचुवा सूचना सम्प्रेषण गरेको अनुसन्धानबाट खुल्न आएको थियो । सोही आधारमा अस्ट्रेलियन सरकारले नेपालमा केही न केही गोलमाल भएको हुन सक्ने शंका गरी पोलिमर नोट प्रकरण सिर्जना भएको थियो ।

पोलिमर नोट प्रकरण सिर्जना हुनुको अर्को कारण नोट प्रिन्टिङ अस्ट्रेलियाले भियतनाम र मलेसियाका लागि छापेको पोलिमर नोटमा भएको भद्रगोल थियो । सो अनियमितता नेपालको पोलिमर नोट छाप्दासमेत भएको हुन सक्ने आशंकाले अस्ट्रेलियन सरकारले अनुसन्धानमा सघाउन नेपाल सरकारलाई ताकेता गरेको थियो । सामान्यतया नोट प्रिन्टिङ कम्पनीका तर्फबाट एजेन्टले २ देखि ३ प्रतिशतसम्म कमिसन लिने गरेको हुन्छ, तर अनुसन्धानबाट नेपाली एजेन्टले १२ देखि १४ प्रतिशत रकम कमिसनबाट प्राप्त गरेको खुलेको थियो । तर, जानकारहरूका अनुसार हिमालय पाण्डेले नेपालको नोट अस्ट्रेलियामा छाप्न सन् १९९२ देखि नै प्रयास गरेको तर सन् २००२ मा मात्र सफल भएकाले सुरुको प्रयासदेखिको पारिश्रमिक एकैचोटि लिएकाले सो रकम अस्वाभाविकजस्तो देखिएको थियो । सो रकम हिमालयबहादुर पाण्डेको खातामा गएको देखाए पनि राष्ट्र बैंकका अन्य अधिकारीहरूको खातामा गएको अनुसन्धानबाट देखिएन ।

अस्ट्रेलियाको उजुरीश्चात् नेपालमा अख्तियारले छानबिन गर्दा कागजी नोटभन्दा पोलिमर नोटको लागत दोब्बर भनिए पनि पहिलो पटक छाप्दा दोब्बरभन्दा कम नै थियो । १० रुपैयाँको एउटा कागजी नोट छाप्दा १ रुपैयाँ ५४ पैसा पर्ने गर्थ्यो भने पोलिमर नोट छाप्दा २ रुपैयाँ २५ पैसा प्रतिनोट लागत पर्न गएको थियो । तर, दोस्रो चोटि छाप्दा विनिमयदरमा आएको परिवर्तनले सो रकम दोब्बरभन्दा केही बढी हुन आएको थियो । अख्तियारले लगाएको आरोपमध्येको एउटा प्रमुख आरोप नोटको गुणस्तर जाँच नगरेको भन्ने थियो । तर, २०१३ सालदेखि अहिलेसम्म नेपालमा नोटको गुणस्तर जाँच्ने चलन र सो नाप्ने संयन्त्र छैन । अख्तियारले लगाएको अर्को आरोप जोसँग टेन्डर पर्‍यो सोहीसँग मिलेर नोटको डिजाइन गरेको भन्ने थियो । जबकि नोटको डिजाइन गर्न गभर्नरको अध्यक्षतामा डिजाइन कमिटी गठन गरी सो कमिटीबाट पारित गरेको डिजाइन अर्थ मन्त्रालय हुँदै मन्त्रिपरिषद्ले पारित गरेपछि मात्रै नोटको डिजाइन अन्तिम मानिन्छ । यदि नोटको डिजाइनमा गोलमाल भएको थियो भने राष्ट्र बैंकका अधिकारिहरू मात्र हैन, तत्कालीन अर्थ मन्त्रालयका अधिकारिसहित मन्त्रीहरू पनि दोषी ठहरिनुपर्थ्यो र त्यो पनि भएन । अख्तियारले लगाएको अर्को आरोप नोटको छपाइमा मूल्य वृद्धि गर्‍यो भन्ने थियो, तर हवाईजहाजबाट सीधै काठमाडौं ल्याइएको नोट कलकत्ताको बन्दरगाहबाट आउने नोटभन्दा स्वभावैले बढी महँगो हुने पुष्टिपश्चात् अख्तियारले सो मुद्दा २०६७ साल साउनमा तामेलीमा पठाएको थियो ।

तर, फेरि उक्त प्रकरण २०७५ मा ब्युँताउनुको प्रमुख कारण डा. तिलक रावलसँगको अर्थमन्त्री डा. युवराज खतिवडाको व्यक्तिगत द्वेष रहेको राष्ट्र बैंक स्रोत बताउँछ । अन्य कारणहरूमा नोट प्रिन्टिङ अस्ट्रेलियालाई टेन्डर सुम्पिदा अन्य स्थापित विदेशी नोट कम्पनीहरूले गुमाउनुपरेको व्यापार पनि थियो । उसो त सत्येन्द्र प्यारा श्रेष्ठ गभर्नर रहेका बेला बंगलादेशले आफूलाई नोट छाप्न दिन प्रस्ताव राखेकोमा श्रेष्ठले सो प्रस्ताव अस्वीकार गरेका थिए । त्यो प्रस्ताव अस्वीकृत हुनुको पछाडि छिमेकी देशहरूलाई नोट छाप्न दिनु हुँदैन भन्ने थियो । किनभने राजनीतिक चलखेलले अनावश्यक संख्यामा नोटहरू गैरकानुनी रूपले छिमेकी देशहरूबाट बजारमा आउने सम्भावना प्रबल रहन्छ ।

पछिल्लो समय भारत, चीन र इन्डोनेसियालगायतका देशहरूले नेपालको नोट छाप्न अत्यन्तै कसरत गर्ने गरेका छन् । सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको पोलिमर नोट प्रकरणको फैसलाले नोट माफियाहरूको सिन्डिकेट भंग गर्न सके मात्र हामी हाम्रो कल्पनाको पारदर्शी अर्थतन्त्रको बाटोतिर लम्किन सक्छौं ।

सन्दर्भ : नेपाल भ्रमण वर्ष २०२०

प्रदेश–२ लाई विश्वमै चिनाउने आधार

मिथिला संस्कृति यहाँको मूल संस्कृति हो । जनकपुरको जानकी मन्दिर प्रदेशको मात्र नभएर देशकै ठूलो विशेषता बोकेको धार्मिक गन्तव्य हो ।

ज्ञानमणि नेपाल कालोटोपी

नेपालको संविधान, २०७२ ले नेपालमा पूर्ण संघीयताको ढाँचा अवलम्बन गरी संविधानको धारा ५६ बमोजिम तीन तहका सरकार गठन हुने व्यवस्था गरेको छ । केन्द्रमा संघीय सरकार, सातवटा प्रदेश सरकार र ७ सय ५३ वटा स्थानीय सरकारको व्यवस्था गरी सोको अधिकार, कर्तव्य र कार्य पद्धतिको समेत व्यवस्था नेपालको संविधानमा उल्लेख भएको छ । यसैअनुरूप प्रदेश नं. २ को गठन भएको छ । यस प्रदेशमा तराईका ८ जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा रहेका छन् । यो पहाड र हिमाल नभएको एकमात्र प्रदेश हो भने यहाँका सबै जिल्लाले भारतसँगको सिमाना छोएका छन् ।

प्रदेश नं. २ को अस्थायी राजधानी जनकपुरमा रहेको छ । यहाँ १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १ सय ३६ स्थानीय तह छन् । यहाँको जनसंख्या नेपालको कुल जनसंख्याको २०.४५ प्रतिशत अर्थात् ५४ लाख ४ हजार १ सय ४५ छ । आकारका हिसाबले यो सबैभन्दा सानो प्रदेश हो । कुल भूभागको ५.७५ प्रतिशत क्षेत्रफल यसले ओगटेको छ । प्रदेशमा कुल ९ लाख ३२ हजार ३ सय ८ घरधुरी रहेको छ । नेपाल राष्ट्र बैंकले बताएअनुसार प्रदेशको प्रतिव्यक्ति आय ७ सय ९९ डलर छ, जुन राष्ट्रिय आय औसत अमेरिकी डलर १ हजार ४ भन्दा धेरै कम हो । प्रदेशको समग्र गरिबी दर २७.७५ छ, जुन राष्ट्रिय गरिबी दर २५.२५ भन्दा बढी छ । प्रदेश नं. २ ले चालू आर्थिक वर्ष २०७६/७७ का लागि ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजारको बजेट ल्याएको छ ।

कृषि यस प्रदेशको मुख्य आर्थिक आधार हो । यस प्रदेशको कुल ९ हजार ६ सय ६१ वर्ग किलो मिटर भू-भागमध्ये ५४.४५ प्रतिशत जमिन खेतीयोग्य छ । कृषि यहाँको मुख्य पेसा र जीवन निर्वाहको सबभन्दा ठूलो स्रोत हो । यहाँ सानो-सानो टुक्रामा विभाजित जमिनका कारण कृषि उपकरण र यन्त्रको प्रयोग आवश्यक मात्रामा हुन सकेको छैन । नेपालको कृषि उत्पादनमा यस प्रदेशको योगदान करिब १३ प्रतिशत रहेको देखिन्छ । प्रदेशको जीडीपीमा भने कृषिक्षेत्रको योगदान ३९ प्रतिशत छ । देशको कुल उत्पादनमध्ये करिब २१.६१ प्रतिशत खाद्यान्न, २०.७५ प्रतिशत फलफूल र २५.८८ प्रतिशत तरकारी यसै प्रदेशमा उत्पादन गरिन्छ । यो प्रदेशको चुरेक्षेत्र जडीबुटीहरूको पनि स्रोत हो ।

प्रदेश नं. २ को ६ लाख २ हजार ३ सय ६ हेक्टर कृषियोग्य जमिनमध्ये ५ लाख ६५ हजार ९१ हेक्टर जमिन सिँचाइयोग्य छ । तर, हालसम्म यहाँ ३ लाख ७२ हजार १ सय ३८ हेक्टरमा मात्र सतह र भूमिगत जलस्रोत उपयोग गरी सिँचाइ सुविधा पुर्‍याउन सकिएको छ । प्रदेशको कुल कृषिभूमिमध्ये ७० प्रतिशत क्षेत्रफलमा कोसी पश्चिम, कमला, वागमती सिँचाइ नहरहरूबाट र अन्य साना कुलोपैनीहरूबाट मौसमी सिँचाई सुविधा उपलब्ध छ । तथापि अधिकांश सिँचाइ योजना प्राकृतिक नदी प्रणालीको अवधारणामा निर्माण गरिएकाले वर्षैभरि एकै नासले सिँचाइको भरपर्दो सेवा उपलब्ध हुन सकेको छैन । जलविद्युतमा भने यहाँ अन्य प्रदेशमा जस्तो सम्भावना कम छ । यहाँ जम्मा २ सय मेगावाट मात्र विजुली उत्पादन हुन सक्ने सम्भावना रहेको विभिन्न अध्ययनले देखाएको छ ।

देशको कुल औद्योगिक उत्पादनमा प्रदेश नं. २ को योगदान २४ प्रतिशत रहेको छ । कुनै पनि देश वा प्रदेशको तीव्रतर आर्थिक वृद्धिमा उद्योग विकासको ठूलो भूमिका हुने गर्छ । औद्योगिक नगरी वीरगन्ज यसै प्रदेशमा छ । राष्ट्रिय औद्योगिक गणनाले देखाएअनुसार देशमा विद्यमान उद्योगमध्ये १९.९ प्रतिशत उद्योग यस प्रदेशमा रहेको छ । घरेलु तथा साना उद्योगहरू भने अझै उल्लेख्य मात्रामा रहेका छन् । प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा उद्योगक्षेत्रको योगदान सबैभन्दा बढी यसै प्रदेशमा छ । एक तथ्याङ्कअनुसार प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा समग्र उद्योगको योगदान २२.१ प्रतिशत छ । देशको कुल राजस्वमध्ये यहाँ ३०.१२ प्रतिशत सम्म राजस्व संकलन भएको देखिएको छ ।

मुलुकको पर्यटकीय गतिविधि अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको बारा जिल्लामा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना २०७१/७२ मा सुरु भई आ.व. २०७८/७९ मा सम्पन्न हुने लक्ष्य छ । आयोजनाको कुल अनुमानित बजेट १ खर्ब २० अर्ब छ । यसमा आ.व २०७६/७७ मा १ अर्ब ५० करोड विनियोजन गरिएको छ । यहाँ वन क्षेत्रभित्र रहेको रुख कटान गर्न अनुमति प्राप्त नभएको र मुआब्जाका लागि सबै घरधनीबाट हकदाबीको निवेदन प्राप्त हुन सकेको छैन । निर्माणको मोडालिटी तय हुन नसक्दा ठेक्का प्रक्रिया अझै अघि बढाउन सकिएको छैन । यो राष्ट्रिय महत्व बोकेको गौरवको आयोजना पनि हो ।

यस्तै बारा जिल्लाको निजगढदेखि काठमाडौंसम्म चार लेनमा निर्माण हुने तराई-मधेस द्रुत मार्गको कुल लम्बाई ७६.४ कि.मि. रहेको छ । यो सडकलाई तराईका जिल्लाहरू काठमाडौंसँग जोड्ने द्रुतमार्गका रूपमा लिइएको छ । आ.व. २०६४/६५ मा सुरु भई २०७७/७८ सम्ममा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको कुल लागत १ खर्ब ११ अर्ब रहने अनुमान गरिएको छ । आ.व. २०७६/७७ मा यस आयोजनाका लागि १५ अर्ब विनियोजन गरिएको छ । यो मार्ग निर्माण सम्पन्न हुने हो भने केन्द्रीय राजधानीसँग तराईका जिल्लाहरू जोड्न छिटो र छोटो हुने निश्चित छ ।

प्रदेश नं. २ प्रशस्त पर्यटकीय सम्भावना बोकेको प्रदेश हो । प्रदेशमा उपलब्ध विशिष्ट ऐतिहासिक सांस्कृतिक, धार्मिक एवं प्राकृतिक सम्पदाहरूलाई पर्यटकीय प्रयोजनमा ल्याउन सकिने सम्भावनालाई दृष्टिगत गरी यस्ता सम्पदाको यथोचित संरक्षण गर्नु आवश्यक छ । मिथिला संस्कृति यहाँको मूल संस्कृति हो । जनकपुरको जानकी मन्दिर प्रदेशको मात्र नभएर देशकै ठूलो विशेषता बोकेको धार्मिक गन्तव्य हो ।

यहाँको धार्मिक पर्यटन प्रवर्द्धनका लागि रामायण सर्किट विस्तार गरी रामनवमी धार्मिक उत्सवहरूको प्रवर्द्धन, अन्तर प्रदेश धार्मिक सर्किट विकासका साथै जनकपुरको जानकी मन्दिर, धनुषाधामलगायतबाट फाइदा लिन सकिन्छ । यस प्रदेशका धार्मिक गन्तव्यहरू मध्ये जानकी मन्दिरका अतिरिक्त बाराको गढीमाई पनि मुख्य छ, जहाँ विश्वमै सबैभन्दा धेरै पशुबलि दिइने गरिएको छ ।

नयाँ पर्यटकीय गन्तव्यहरूको खोजी र विकास गर्न सके र प्रदेशमा भएका विविध समुदायका संस्कृतिहरूलाई पर्यटन व्यवसायसँग आबद्ध गर्न सके यसबाट प्रदेशले राम्रो फाइदा लिन सक्नेछ । पर्यटन विकासका लागि सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, तालतलैया, मनोरञ्जन, बैठक, सम्मेलन, पर्व उत्सवलगायतलाई मध्यनजर गरी प्रदेश सरकारले प्याकेजका कार्यक्रमहरू तयार गर्ने हो भने अरू प्रदेशभन्दा कम छैन प्रदेश नं. २ ।

१४ औं शताब्दीका राजा सलहेसको सम्झनामा सिरहामा प्रत्येक वर्षको वैशाखमा मेला लाग्छ । नयाँ वर्ष पारेर लाग्ने मेलामा सिरहाका पराक्रमी राजा सलहेसको गाथा गाउने गरिन्छ । हरेक वर्ष वैशाख २ गते एक दिनमात्र मेला लाग्ने यस ऐतिहासिक एवं धार्मिक स्थलमा सिरहा, सप्तरी, उदयपुर, धनुषा र भारतका विभिन्न स्थानबाट हजारौं श्रद्धालुको घुइँचो लाग्छ । ती स्थानमा राजा सलहेस गाथासँग जोडिएका पात्रहरूको हात्तीमा सबार मूर्ति देख्न पाइन्छ ।

मिथिलाञ्चलमा सलहेसलाई लोकदेवताका रूपमा मान्ने गरिन्छ । सलहेस जयन्तीको पूर्वसन्ध्यामा सिरहाको पतारीस्थित फूलबारीमा रहेको हारमको रूखमा फुल्ने दुर्लभ सुनाखरीको फूललाई सलहेस र उनकी प्रेमिका मालिनी बीचको प्रेमको प्रतीकका रूपमा व्याख्या गरिन्छ । हारमको रूखमा प्रत्येक वर्ष वैशाख १ गते मात्र फुल्ने सुनाखरी फूलको माला सलहेस र मालिनीबीचको प्रेमको साइनो हो ।

यो प्रदेशको उत्तरतर्फ चुरेको ठीक मुनि ढुंगा, कंकडयुक्त ठाउँ भएकाले त्यहाँ खेती हुँदैन र जंगलले ढाकेको छ, जसलाई चारकोशे झाडी भनिन्छ । ४८ हजार हेक्टर क्षेत्रफलमा फैलिएको जंगल कुनै बेला देशकै उत्कृष्ट रहेकोमा अहिले विस्तारै विनाशको चपेटामा परी साँघुरिँदै गएको छ । अवैध रूख कटानीका कारण घना जंगल पातलिएको हो । राजनीतिक द्वन्द्व र बढ्दो दण्डहीनताको मौका छोपेर जंगलमाथि आधिपत्य जमाउने र यसलाई स्रोत बनाएर अवैध फाइदा लिने क्रमले चारकोसे जंगल मेटिन लागेको छ ।

वनमा रुख कटानी तीव्र रूपमा बढेपछि पहिले देखिने ठूला रूखहरू अहिले भेट्न सकिँदैन । एक तथ्यांक अनुसार विगत ११ वर्षमा यहाँको जंगल पनि बर्सेनि ११ सय हेक्टर अतिक्रमणमा पर्दै आएको छ । यहाँको वनलाई जोगाउन ठूलो चुनौती थपिएको छ । जंगल वरिपरिका सिमरा, काँटगाउँ, निजगढ, रतनपुरी, भरतगन्ज सिगौल, हरैया, रामनगर, मधुवन, टाँगियाबस्ती, डुमरवानालगायतका क्षेत्रमा जंगल फँडानी गरी अतिक्रमण गरिएको छ । यो जंगल पर्सा राष्ट्रिय निकुन्जबाट पूर्व हुँदै धरान, कोसीटप्पु र झापा जिल्लासम्म नै फैलिएको छ ।

प्रदेश नं. २ र वागमती प्रदेशमा पर्ने चितवन, मकवानपुर र पर्सा जिल्लाका केही भागहरू समेटेर पर्सा राष्ट्रिय निकुन्ज फैलिएको छ । यसको स्थापना वि.सं. २०४० समा भएको हो । यसको क्षेत्रफल ६ सय २७ वर्ग किमि छ । यो चितवन राष्ट्रिय निकुञ्जको पूर्वपट्टिको विस्तारित क्षेत्र हो । ५ सयदेखि ९ सय ५० मिटरसम्म अग्लो चुरे पर्वतले यसको सबैजसो भूमि ढाकेको छ ।

Madhyanha National Daily राष्ट्रिय दैनिक

कोरोनाबाट युरोपमा पहिलो मृत्यु

बेइजिङ फर्केका क्वारेन्टाइनमा, ९ अस्पतालबाट उपचार

चीन/एजेन्सी- कोरोना भाइरस संक्रमणबाट युरोपमा पहिलोपटक १ व्यक्तिको ज्यान गएको छ । कोरोना संक्रमणबाट शनिबार फ्रान्समा एक चिनियाँ नागरिकको मृत्यु भएको हो ।

ज्यान जाने व्यक्ति ८० वर्षीय चिनियाँ नागरिक हुवेई प्रान्तका हुन् । बीबीसीका अनुसार, ती चिनियाँ गत जनवरी १६ मा फ्रान्स आएका थिए । उनलाई जनवरी २५ मा अस्पतालको क्वारेन्टाइमा राखिएको थियो । क्वारेन्टाइनमा राखिएको २० दिनपछि उनको मृत्यु भएको फ्रान्सकी स्वास्थ्य मन्त्रीले जनाएकी छन् ।

चीनसँगै अन्य २४ देशमा ५ सय भन्दा बढी कोरोनाबाट संक्रमित भएको बीबीसीले जनाएको छ । फ्रान्समा एक जनाको ज्यान गएसँगै चीनबाहिर कोरोना भाइरसका कारण ज्यान जानेको संख्या ४ पुगेको छ । यसअघि हङकङ, फिलिपिन्स र जापानमा १/१ जनाको ज्यान गएको थियो ।

बेइजिङ फर्केका १४ दिन क्वारेन्टाइनमा

यसैबीच, चीनको ठूलो आवादी क्षेत्रमध्येको एक मानिने बेइजिङमा कोरोना भाइरस फैलन नदिन चीनले थप सतर्कता अपनाएको छ । नियन्त्रण अभियानअन्तर्गत निगरानीका अनेक उपाय अवलम्बन गरेको चीनले पछिल्लोपटक भने देशका अन्य भागबाट बेइजिङ फर्किएकाहरू १४ दिन क्वारेन्टाइनमा बस्नैपर्ने नियम बनाएको छ ।

चीनको बेइजिङ भाइरस प्रिभेन्सन वर्किङ ग्रुपले शुक्रबार एक सूचना जारी गर्दै नयाँ वर्ष मनाएर फर्किएकाहरूमा संक्रमण हुनसक्ने भएकाले यस्तो कदम चालिएको जनाएको छ ।

यो निर्णयसँगै अब बिदा मनाएर फर्किएकाहरू सेल्फ क्वारेन्टाइन वा त्यसका लागि तोकिएका स्थानहरूमा १४ दिनसम्म बस्नुपर्नेछ ।

चिनियाँबीच घुमफिर गरेर नयाँ वर्ष मनाउने संस्कृति छ । कोरानो भाइरस फैलिएपछि चीनले घुमफिरमा नजान र यसविरुद्धका अभियानमा सरिक भइदिन आग्रह गरेको थियो । यद्यपि, यस्तो आग्रहबीच पनि बेइजिङबाट मानिसहरू घुम्न निस्केका थिए ।

२० मिलियन भन्दा बढी मानिसको बसोबास रहेको बेइजिङमा घुमफिरमा गएकाबाट संक्रमण सर्ने भएपछि यस्तो सतर्कता अपनाइएको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

चिनियाँ नेसनले हेल्थ कमिसनले शनिबार जनाएअनुसार, कोरोनाबाट थप १४३ जनाको ज्यान गएको छ। योसँगै भाइरसका कारण ज्यान गुमाउनेको संख्या १ हजार ५ सय २३ पुगेको छ । ६६ हजार ४ सय ९२ जना यसबाट संक्रमित छन् ।

नौ अस्पतालबाट उपचार सुरु

चीनको मध्य भागमा पर्ने हुबेई प्रान्तमा नौओटा अस्थायी अस्पताल सञ्चालन हुन थालेका छन् ।

कोरोना भाइरसको सङ्क्रमण अत्यधिक धेरै रहेको यस क्षेत्रमा शुरु गरिएका ती अस्पतालहरुमा ६ हजार ९६० शैय्या रहेका छन् ।

चिनियाँ राष्ट्रिय स्वास्थ्य आयोग (एनएचसी) का अधिकारीहरुले दिएको जानकारीअनुसार ती अस्पतालहरुमा कोरोना भाइरसबाट सङ्क्रमित पाँच हजार ६०६ जनाको उपचार भइरहेको छ ।

उहानमा आयोजित पत्रकार सम्मेलनमा एनएचसीका उपप्रमुख वाङ हेशेङले नयाँ अस्थायी अस्पतालहरु सुरु भएको जानकारी दिए ।

अस्थायी अस्पतालमा सेवा शुरु भएर सेवा पाउन थालेपछि कोरोना भाइरस सङ्क्रमितहरुले राहत महसुस गरेका छन् । रोगको प्रकोप न्यूनीकरण तथा व्यवस्थापन गर्न यी अस्पतालहरुबाट उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बिरामीहरुले राम्रो उपचार सेवा पाइरहेको बताएका छन् भने कतिपय बिरामीहरु उपचारपछि घर फर्किएका छन् ।

हाइटीको अनाथालयमा आगलागी, १५ बालबालिकाको मृत्यु

हाइटी/एजेन्सी-हाइटीको एक अनाथालयमा आगलागी हुँदा कम्तीमा १५ बालबालिकाको मृत्यु भएको छ ।

हाइटीको राजधानी पोर्ट औ प्रिन्सको अनाथालयमा शुक्रबार आगलागी हुँदा कम्तीमा १५ बालबालिकाको ज्यान गएको त्यहाँका सरकारी अधिकारीहरूले जनाएका छन् ।

पेन्सिलभेनिया बेस्ड द चर्च अफ बाइबल अन्डस्ट्यान्डिङले सञ्चालन गरेको अनाथालयमा आगलागी भएको हो । मृत्युमध्ये २ जना पूर्ण रूपमा जलेका छन् । त्यसबाहेक अरू १३ जनाको घरभित्रै थुनिएर ज्यान गएको बताइएको छ।

घटनामा अरू केही घाइते भएका छन् । उनीहरुको अवस्था गम्भीर रहेको अधिकारीहरूरुले बताएका छन् । उनीहरूरुको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । घाइतेहरुको श्वासप्रश्वासमा समस्या रहेको पाइएको छ ।

अनाथालयको चर्चबाट सुरु भएको आगोमा जलेर ती बालबालिकाको मृत्यु भएको हाइटीस्थित युनिसेफको बालबालिका सुरक्षा प्रमुख जेनिफर मेल्टनले जनाएकी छन् ।

आगलागी बालगृहको पहिलो तलबाट शुरु भएको थियो । बालगृहमा ६६ जना बालबालिका रहेको थिए ।

अग्नि नियन्त्रण संस्थाका अधिकारीहरूले बलिरहेको क्यान्डलबाट आगलागी भएको हुनसक्ने अनुमान गरेका छन् । तर, ठोस कारण अहिलेसम्म पत्ता लागिसकेको छैन ।

हाइटीका राष्ट्रपति जोभेनल मोसीले एक ट्विट गर्दै घटनाले आफूलाई स्तब्ध बनाएको बताएका छन् । साथै उनले घटनाबारे सत्यतथ्य पत्ता लगाउन अधिकारीहरूलाई निर्देशन दिएका छन् ।

पेन्सिलभेनिया बेस्ड द चर्च अफ बाइबल अन्डस्ट्यान्डिङले हाइटीमा सन् १९७७ देखि अनाथ र असहाय बालबालिकाका लागि लक्ष्य गरेर अनाथालय सञ्चालन गरिरहेको छ ।

सो अनाथालयले औपचारिक मान्यता भने पाएको थिएन । हाइटीमा आधिकारिक स्वीकृतिबिना नै सञ्चालन भएका यस्ता धेरै अनाथालय छन् ।

तीन हजारभन्दा बढी पक्राउ

मेक्सीको/एजेन्सी- मेक्सिकोको सीमा पार गर्ने तीन हजार जनाभन्दा बढीलाई मेक्सिको जेलमा राखिएको पाइएको छ ।

मेक्सिकोको दक्षिणी सीमा क्षेत्रबाट अवैध रूपमा सीमा पार गरिरहेको अवस्थामा तीन हजार ८० जना नागरिकलाई नियन्त्रणमा लिई थुनामा राखिएको मेक्सिकोका सरकारी अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले लेखेका छन् ।

ती नागरिक मेक्सिकोको दक्षिणी सीमा क्षेत्रबाट सीमा पार गरेर ग्वाटेमाला जाने तयारीमा रहेका थिए। मेक्सिकाली आप्रवासन कार्यालयले शुक्रबार एक विज्ञप्तिमार्फत सो जानकारी गराएको बताइएको छ ।

यसअघि '२०२० क्याराभान' नामबाट होन्डुरसतर्फ जाने कार्यक्रम रहेको र सोही बमोजिम सयौं व्यक्ति त्यसतर्फ छिरेका थिए। तर पनि मेक्सिकाली सरकारले त्यो अभियानमा उनीहरुमात्र नरहेको भन्दै दक्षिणी सीमाबाट पार गरिरहेका नागरिकलाई नियन्त्रणमा लिएको शुक्रबार जानकारी दिएको छ ।

Saudi मा रोजगार

१. कम्पनी : DREZ FACTORY FOR READY MADE CLOTHES शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७६५ LT. No.: 233254

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	General Mens Clothing Tailor	3	0	स. काममा दक्ष	1400	४२,५२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

२. कम्पनी : AL BUSTAN COMPANY LTD. शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७६४ LT. No.: 233210

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Worker	1	0	स. काममा दक्ष	1000	३०,३७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

३. कम्पनी : SAUD ABDULLAH AL MUTAIRI TRANSPORT AND WAREHOUSING शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७६१ LT. No.: 233211

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Truck Drivers	2	0	स. काममा दक्ष	1800	५४,६६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

४. कम्पनी : AL BUSTAN COMPANY LTD. शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७५८ LT. No.: 233212

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Worker	2	0	स. काममा दक्ष	1000	३०,३७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

५. कम्पनी : MEEAD CAFE शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/१०/१२ चलानी नं.: ६०१५०५८८ LT. No.: 231789

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Normal Factor	1	0	स. काममा दक्ष	1000	३०,३७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

६. कम्पनी : HADI AL-SHARAFI EST.FOR TRANSPORT GOODS शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७५९ LT. No.: 233213

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Truck Driver	2	0	स. काममा दक्ष	1800	५४,६६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

७. कम्पनी : TOP FOOD FOUNDATION TO PROVIDE MEALS शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७६० LT. No.: 233214

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Worker	10	0	स. काममा दक्ष	1000	३०,३७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

८. कम्पनी : AL MARASIM AL ASREYAH FOR TRADING EST शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७६२ LT. No.: 233209

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Truck Driver	1	0	स. काममा दक्ष	1800	५४,६६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

९. कम्पनी : FOUNDATION TIRED MOHAMMED BIN HUIMEL TRADING शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७६३ LT. No.: 233208

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Worker	1	0	स. काममा दक्ष	1000	३०,३७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ११ गते (23 Feb. 2020) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	निःशुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

FAZAL INTERNATIONAL PVT. LTD.

Gov. Lic. No. 709/064/065

Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

Ghodaghodi Municipality

Office of Municipal Executive
Sukhad, kailali
Province no. 7, Nepal

Invitation for Bid

First Date of publication: 2076/11/04 (16-February, 2020)

1. The **Ghodaghodi Municipality, Office of Municipal Executives** has allocated fundstowards the procurements of works and the Municipality intends to apply the part of fund to cover eligible payments under the Contract for Construction of Work in the following project for which this tender is issued. Bid is open to all eligible Nepalese Bidders.
2. The Ghodaghodi Municipality, Office of Municipal Executive, Sukhad, Kailali invites electronics bids from eligibal bidders for the following work.
3. Eligible Bidders may download bid document from e-procurement section of PPMOs **website www.bolpatra.gov.np/egp** on or before the deadline of **2076/12/03 (16-March, 2020) at 17:00 hours during office hours.**
4. Bid opening date and time: **2076/12/04 (17-March, 2020) at 14:00 hours.**
5. Bidders who choose to submit their bid electronically through e-procurement section of PPMOs website **www.bolpatra.gov.np** can submit the bid security in the form of cash and the cash should be deposited in **Revenue Account No. 0822300411151072 at Agricultural Development Bank, Sukhad, Kailali** and should submit/ upload the original receipt of deposited amount of cash along with the bid document the bidder shall be required to deposite the cost of bidding document (as specified in the table below) in the offices Rajaswa (Revenue) Account as specified in the notice and electronics scanned copy **(PDF format of the bank deposite voucher also should be submitted along with the electronic bid document).**

   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Agricultural Development Bank, Sukhad, Kailali
   Name of Office: Ghodaghodi Municipality
   Rajaswa (Internal revenue) Account no. : 0822300411151072
   DharautiKhata no. : 0822300411151099
6. Bids must be valid for 90 days and must be accompanied by bid security as mentioned in the table below by cash deposited in **Dharauti Account No. 0822300411151099 at Agricultural Development Bank, Sukhad, Kailali** or in the form of bank guarantee in the favor of Ghodaghodi Municipality, Office of Municipal Executives, Sukhad, Kailali as per standard format provided in bid document **(Contract No. should be clearly mentioned otherwise will not be accepted)** Bid Security validity period for tender shall be **120 days** from the date of bid opening.
7. The bids will be opened in the presence of bidders representatives who choose to attend at **14:00 hours** on **2076/12/04(17-March, 2020)** at the Ghodaghodi Municipality, Kailali.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The **Employer** reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
10. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, **Ghodaghodi Municipality** reserves the right to amend the correct at any time. The figure for the bid amount must be clear if any discrepancy may occur then the figure written in word is valid.
11. **Ghodaghodi Municipality** Office will not be responsible for any costs or expense incurred by bidders for preparation or delivery of bids. Except the mentioned clauses all other condition of the bidding process must be followed the Public Procurement Act 2063, Public Procurement Regulation 2064.
12. Bids should comply in all respects with the instruction to Bidder included in the Bid Document. Non-Complience with this instruction shall result in disqualification.
13. Bidders are advised to visit the construction site and access the actual site conditions before submitting their bids.
14. The bidders who choose to submit the bid electronically must submit hard copy within **7 (Seven) days** from the date of the bid otherwise the bid will not be included in evaluation.

Contract no./ID	Description of Works	Total Estimated Amount (With Vat) NPR	Bid Security Amount (NPR)	Bid Document Fee (NPR)
NCB/GMUN-WORK/ 13/076/077	Premix Carpeting of Lathuwa Road (Boundary of Ward No. 8 to SukhadLathuwa Road Chainage 0+000 to 0+600)	6,382,903.77	180,000.00	3000.00
NCB/GMUN-WORK/ 14/076/077	Premix Carpeting of BelkotMahendraRajmarga to North Road Chainage 0+000 to 0+520 (Ward No. 1)	6,000,663.01	174,000.00	3000.00

Chief Administrative Officer

बक्स अफिस समाचार

'सेल्फी किङ' र 'साङ्लो' पनि रिजेक्ट

मध्यान्ह संवाददाता
काठमाडौं/३ फागुन





गत असोज २४ मा प्रदर्शनमा आएको चलचित्र 'छ माया छपक्कै' पछि चलचित्रको व्यापार ओरालो लाग्यो । आशा गरिएको केही चलचित्रले समेत असफलताको श्रेणीमा बस्नु पर्‍यो ।

केही साता त सिनेमाघर नेपाली चलचित्रविहिन बने । हिन्दी र अंग्रेजी चलचित्रसँग प्रतिस्पर्धा गर्न नसक्दा नेपाली चलचित्र प्रदर्शनमा आउन डराए । यो क्रम माघ अन्तिम साता सम्म रह्‍यो । माघ २४ मा दुई चलचित्र प्रदर्शनमा आए । ति दुई चलचित्रबाट ओरालो लागिरहेको चलचित्र व्यापारमा सुधार आउने अपेक्षा गरिएको थियो ।

विशाल सापकोटाको डेब्यू निर्देशनमा रहेको 'सेल्फी किंग' र विराज भट्टको निर्देशन तथा अभिनय रहेको 'साङ्लो' बाट निकै आश गरिएको थियो । तर, दुवै चलचित्रले सोचे जस्तो व्यापार गर्न सकेनन् । अन्ततः असफल चलचित्रको श्रेणीमा परेका छन् ।

'सेल्फी किंग' लाई मल्टिप्लेक्स हलहरुले राम्रै शो उपलब्ध गराएका थिए । त्यहाँबाट जसले गर्दा यस चलचित्रलाई अपेक्षित चलचित्रको रुपमा हेरिएको थियो ।

तर, चलचित्र रिलिज भएपछि भने दर्शकको साथ मिलेन । शुक्रबार दर्शकको उपस्थिति निराशाजनक नै थियो । शनिबार भने चलचित्रले केही राम्रो व्यापार गरेपनि अपेक्षित व्यापार भएन् । निर्माता दिनेश राउतले पनि उक्त कुरा स्वीकार गरेका छन् ।

त्यस्तै आफुलाई बाघ फर्किएको भन्दै सञ्चारमाध्यममा प्रतिक्रिया दिएका विराजलाई अन्ततः साङ्लो फापेन् । उनी पनि असफलको श्रेणीमा परे । दशक अघिकै स्वाद साङ्लो मार्फत दिन खोज्दा चलचित्रमा दर्शकले फरक स्वाद पाएनन् ।

त्यस्तै 'सेल्फी किंग' मा विशालको निर्देशकीय क्षमता भने अपरिपक्क देखियो । चलचित्रको बिषयबस्तुलाई कसरी रोचम ढंगबाट प्रस्तुत गर्ने भन्ने कला निर्देशकमा हुनुपर्छ । तर, निर्देशकले चलचित्रको प्रस्तुतीलाई आकर्षक बनाउन सकेनन ।

त्यस्तै 'सेल्फी किंग' ले बोलेको हास्यकलाकारको कथाले दर्शकको मन छोएन र हलसम्म जाने आट गरेनन । यो चलचित्रले दर्शक तान्न नसक्नुको अर्को कारण हो यस चलचित्रको मुख्य पात्र विपिन कार्की । चलचित्रको स्क्रिप्ट पूर्ण रुपमा विपिनमा मात्रै केन्द्रित छ ।

पर्दामा निरन्तर विपिनालाई मात्र देखिदाँ दर्शक बोरिङ पनि भएका हुन सक्छन । त्यो कुरालाई निर्देशकले बुझ्नेनन् । साङ्लोको कुरा गर्दा विराजप्रति दर्शकको निकै ठूलो अपेक्षा थियो । तर, त्यो अपेक्षापूर्ति गर्न सकेनन् । उनले दशक अघिकै शैलीमा चलचित्र निर्माण गर्दा समस्या भयो ।

फागुनमा प्रियंका र आँचल लगनगाँठो कस्दै

काठमाडौं/ मस-फागुन महिनाभित्रमा दुई अभिनेत्रीहरू वैवाहिक बन्धनमा बाधिन लागेकी छन् । चलचत्रि अभिनेत्री प्रिंयका कार्की र अर्की नायिका आँचल शर्मा बैवाहिक बन्धनमा बाधिन लागेका हुन् ।

प्रियंकाले सामाजिक सञ्जाल इन्स्टाग्राममा एउटा तस्विर सार्वजनिक गर्दै आफ्नो विवाह मिति सार्वजनिक गरेकी छन् । अब प्रियंका र अभिनेता आयुष्मान देशराज जोशी फागुन १५ गते वैवाहिक बन्धनमा बाधिनेछन् ।

शुक्रवार प्रणय दिवसको अवसर पारेर प्रियंकाले इन्स्टाग्राम स्टोरीमा एक तस्विर राख्दै आफ्नो विवाहको मिति सार्वजनिक गरिन् । तस्विरमा एक बालकले हातमा खरीपाटी बोकेका छन् र त्यसमा लेखिएको छ, 'सेभ द डेट २०२० फेब्रअरी २७ (नेपाली मिति २०७६ साल फागुन १५ गते) ।' तस्विरको पृष्ठभूमिमा प्रियंका र आयुष्मान एकअर्कालाई चुम्बन गर्दै देखिएका छन् ।

दुई पटक इन्गेजमेन्ट गरिसकेका उनीहरु यही वर्षको असारमा विवाह गर्ने तयारीमा थिए । तर, परिवारका सदस्यहरुको समय नमिलेपछि विवाह सरेको थियो । असारमा विवाह नभएपछि प्रियंकाले यस वर्ष बिहे नहुने बताउँदै आएकी थिइन् ।

विवाहको मिति सार्वजनिक गरेसँगै उनीहरू त्यसको तयारीमा जुटेका छन् । उनीहरूले विवाहपछि छुट्टै बस्नका लागि भैसेपाटीमा एउटा घर समेत किनिसकेका छन् । अहिले उनीहरु नयाँ घरको सजावटमा व्यस्त छन् ।

यस्तै नायिका आँचल भने फागुन २९ गते वैवाहिक बन्धनमा बाधिन लागेकी हुन् । उनले डा. उदिप श्रेष्ठसँग विवाह गर्न लागेकी हुन् । आँचल केही समययता उदीपसँग प्रेम सम्बन्धमा रहेकी थिइन् ।

विवाहपछि फिल्म क्षेत्र छोड्दै 'कबड्डी' कि मैया

काठमाडौं/मस– चलचित्र 'कबड्डी' बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी रिश्मा गुरुङ (मैयाँ) बैबाहिक जीवनमा बाँधिएकी छन् । पछिल्लो पटक 'कबड्डी' को तेस्रो पार्टमा देखिएकी उनले पोखरामा प्रेमी सन्दिप गुरुङसँग विवाह गरेकी हुन् । विवाह समारोहमा दुलहा र दुलही पक्षका परिवारको मात्र उपस्थिति रहेको थियो । फिल्मकर्मी कोही उपस्थित भएका थिएनन् ।

रिश्माले 'कबड्डी' को दुई सिरिजमा प्रमुख भूमिका निर्वाह गरेकी थिइन् । 'कबड्डी' को तेस्रो सिरिजमा भने उनको सानो भूमिका थियो । उनको ठाउँमा निर्देशक रामबाबु गुरुङले अभिनेत्री उपासना सिंह ठकुरीलाई सोल्टिनीको भूमिकामा प्रस्तुत गरेका थिए । 'कबड्डी' पछि रिश्माले 'झुम्की' मा अभिनय गरेकी थिइन् । उनले केही गुरुङ फिल्ममा पनि अभिनय गरेकी छन् । रिश्मा अब फिल्म नगर्ने निर्णयमा पुगेकी छन् । फिल्मबाट टाढिने निर्णय लिनुको कारण खुलाउँदै उनले केही समयअघि एक अन्तर्वार्तामा भनेकी थिइन्, 'फिल्म क्षेत्र सोचेजस्तो रहेनछ । पहिला हामी स्थापित हुन संघर्ष गर्छौं । तर, एउटा स्थानमा पुगेपछि उनीहरु हाम्रो कलाको दुरुपयोग गर्छन् । त्यसरी सधैं कम्प्रोमाइज गरेर बसिरहनुभन्दा फिल्म नै नगर्नु उत्तम लाग्यो ।' उनी फिल्म क्षेत्रमा हुने गरेको शोषणबाट पनि आजित भएकी रहेछिन् । आफू यौन शोषणमा नपरेको भए पनि श्रम शोषणमा परेको उनको भनाई छ ।

मलेसियामा रोजगार | कम्पनी : SUPCHENG FASTENERS SDN BHD शहर: PUCHONG

पूर्व स्वीकृत मितिः २०७६/१०/२१ चलानी नं.: ६०१५१११३ LT. No.: 232459 पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		RM	ने. रु.							
1.	Factory Operator	18	0	स. काममा दक्ष	1200	३२,९७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १० गते (22 Feb. 2020) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	रोजगार दाताले व्यहोर्ने	रु. ७००/- रोजगार दाताले	रु. १,५००/- रोजगार दाताले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगरमा सम्पर्क गर्नुहोला ।

Skyways Bureau Services Pvt. Ltd.
साविकको नाम: सोसाइटल ओभरसिज सर्भिसेज प्रा. लि.
Gov. Lic. No. 871/066/067
पो.ब.नं. ३५३, बद्री कोलनी, सुकेधारा, काठमाडौं, नेपाल, फोन नं. ४३७०१०१, ४३७६१०२
फ्याक्स : ४३७६११२, Email : info@skywaysnepal.com, www.societaloverseas.com

UAE मा रोजगार | कम्पनी: AL ZUMORUD TECHNICAL SERVICES शहर: AJMAN

पूर्व स्वीकृत मितिः २०७६/१०/१५ चलानी नं.: ६०१५०७६५ L.T. No.: 231885 पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रु.							
1.	Cleaner	99	0	स. काममा दक्ष	1000	३०,९९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ताः डोस्ले रेष्ट्रो एण्ड लज बुटवल : फागुन ११ गते (23 Feb. 2020)
मेनपावर कार्यालय, काठमाडौं : फागुन १२ र १५ गते (24 & 27 Feb. 2020)
होटल जनप्रिय पोखरा कास्की : फागुन १६ गते (26 Feb. 2020)

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगर सम्पर्क गर्नुहोला ।

Superb Solutions Pvt. Ltd.
Govt Lic. No. 264/058/059
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौ, फोन : ४४६१२४३, ४४९५१८
मो.: ९८५१०७७५२४, ९८०१०७६२११, ९८१६०४७१४६
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np

साउदीमा रोजगारको अवसर | कम्पनी: BAKERY LOAF ASHBELIA शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७०९ LT. No.: 233087

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	General Labour	4	0	स. काममा दक्ष	1000	३०,३५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १२ गते (24 Feb. 2020) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Nepal Life Recrutiment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com

साउदीमा वैदेशिक रोजगारको अवसर | कम्पनी: ABAD AL NADFA EST शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/१०/२२ चलानी नं.: ६०१५१२७१ L.T. No.: 232368

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Worker	3	0	सम्बन्धित काममा दक्ष	1000	३०,३५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Driver Of Whole Vehicles	1	0		1800	५४,६३०							

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ११ गते (23 Feb. 2020) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

कस्मस नेपाल ह्यूम्यान रिसोर्स प्रा. लि.
श्रम ईजाजत नं.: ७३३/०६४/०६५
महाराजगञ्ज, चक्रपथ, काठमाडौं, फोन: ०१-४७२०६०७, ४७२०६०९

साउदीमा रोजगार | कम्पनी: MURSAL HADI CONT.EST.(FOR GENERAL BUILDING CONTRACTING) शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६०२ L.T. No.: 229968 पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Driver Of Whole Vehicles	2	0	सम्बन्धित काममा दक्ष	2500	७५,८७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Driver Of All Road Mechanisms	1	0		2500	७५,८७५							
3.	Building Electrician	1	0		1200	३६,४२०							

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ११ गते (23 Feb. 2020) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

मलेशियामा रोजगारको अवसर | कम्पनी: HOE SOON (BP) SDN. BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०६९६ L.T. No.: 231945 पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		RM	ने. रु.							
1.	Restaurant Crew	2	0	स. काममा दक्ष	1200	३२,९७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ११ गते (23 Feb. 2020) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	रु. ७००/- रोजगार दाताले	रु. १,५००/- रोजगार दाताले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगरमा सम्पर्क गर्नुहोला ।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
सितापाईला, काठमाडौं, नेपाल, फोनः ४२८२५९०, ४२८२०३९, फ्याक्सः ४२८१७१३

साउदीमा रोजगार | १. कम्पनी : ABBAS ALI AL ABADI RESTAURANT FOR FOOD PROVIDE शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७२८ LT. No.: 233191

